# प्राचीन नेपाल
# ANCIENT NEPAL


संख्या १६२
आषाढ २०६३

Number 162
July 2006



सम्पादक मण्डल
प्रधान सम्पादक
**कोशप्रसाद आचार्य**
सम्पादक
**शुक्रसागर श्रेष्ठ**
**विष्णुराज कार्की**

**Editorial Board**
Chief Editor
**Kosh Prasad Acharya**
Editor
**Sukra Sagar Shrestha**
**Bishnu Raj Karki**

# विषय-सूची
# Contents

## अंग्रेजी खण्ड
## English Section

**Excerpts from the history written by Mathvar Singh in collection of British Library**
Sukra Sagar Shrestha .................................................... १-६

## नेपाली खण्ड
## Nepali Section

ठैबस्थित गणेश मन्दिर जीर्णोद्धार
***प्रकाश दर्नाल*** .................................................... ७-१२

सांस्कृतिक सम्पदाहरूको चोरी निकासीको रोकथाममा देखिएका समस्याहरू
***रामबहादुर कुँवर*** .................................................... १३-१७

संस्कृति एवं ऐतिहासिक धरोहरको प्रतिमूर्तिः काणाँमालिका
***डा. इन्दीरा जोशी*** .................................................... १८-२५

वार्षिक कार्यक्रम प्रतिवेदन एवं मूल्यांकन तथा विश्लेषण २०६१/६२
***विष्णुराज कार्की, सरस्वती सिंह, जयन्ती श्रेष्ठ*** .................................................... २६-३४

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धको ऐतिहासिक सामग्री .................... ३५-५८

# Excerpts from the history written by Mathvar Singh in collection of British Library

- Sukra Sagar Shrestha

There are 106 boxes of the manuscripts collected from Nepal by Brian Hod son which were handed over to British Library and are now safe in their custody. They are being catalogued by Dr. Ramesh Dhungel since 10 years and the work is still continued. The author got an opportunity in cataloguing the newari portion of the collection. He worked couple of months (June-July) in the afore mentioned library. While working on newari collection he also came across some other interesting collections as well. He found one very big and long manuscript. The number recorded is EUR-HOD/45.

The manuscript is the history of Gorkha dynasty ordered to be written by Mathvar Singh Thapa in the palace. It was said that the copy was brought to the embassy by Mortimoor from Durbar in 1842.

The manuscript measures nearly eight inches wide and is said to be 1200 ft. long. The length could not be measured perfectly inside a small carrel due to its immeasurable length . The manuscript contains the script of 58 people. The grammer is not in consistent pattern due to many acribe's state of linguistic knowledge.

As the duty of author to catalogue, all Newari manuscripts, he had very little time to escape from and pay attention towards copying other interesting manuscripts. However curtailing his tea breaks he could read some part of other manuscripts and copy them. This is one of them and very interesting and important as well. Only interesting parts related to the author's field of study was copied and bought them and presented herewith.

Perhaps this was the first history written in Nepal with a conceptual idea and the concerted effort. The start of the manuscript itself purports the subject. Although it is a pangeric type of history of Gorkha dynasty, several other historical accounts could be collected from the manuscript.

The Devnagari version is presented herewith in Nepali language as written in the manuscript. The script is copied as far as it is written in the manuscript. Therefore the language pattern also could be quite different for the readers of modern Nepalese. It is more akin to the *Khasakura* type.

The manuscript narrates many additional facts on history which were not printed aywhere before. Since it was written in the palace, the facts related to the contemporary and little before are to be little to doubt. Therefore could be regarded as more authentic than other sources. The conspiracy of Prithvi Narayan and bravity of Jaya Prakash Malla is nicely narrated. Similarly king Ranjit laments on dishonest behavior of fictively related son Prithvi and portrays him as Judas. The details of war in Kirtipur and the excile of Ranajit Malla are dramatically narrated. The anguis cry of Ranjit Malla in poetic version is heart touching and all in all the story is very much tragic.

Actually it has covered the history of Gorkhali dynasty from Chittaur to the time of Girvanyuddha Vikram Shah. All important events from the war to the contemporay social problems are also narrated by the writers. The lunatic behaviour of Rana Bahadur is also pictured in detail and how the people were expelled from Kathmandu valley in order to save his beloved wife Kantivati. His criminal traits to the physician, astrologers and Vajrachrayas and Brahmans are narrated in detail. The historian did not leave even the hear says or the mentions of the incidents prior to the conquest of Nepal Valley by Prithvi. The death of

Bhaskar Malla due to the plague, the flight of Prithvi from Kirtipur, his one year stay in Bhaktapur with a Maiju from Patan and war in Danchhi and escape to Bhaktapur to get shelter in the Palace of Ranajit are worth to read. The despatch of consperative letters to the Pradhans, mocher of Jayaprakash Malla in Kantipur in open secret illustrates how crooked and nacked Prithvi was. He was the master of conspiracy and his appointment of more than thousand Brahmins in Kathmandu valley principalities as his secret agents prove how Prithvi played foul in the valley. The final tragic days of Ranajit Malla and his family in Kantipur is really heart breaking. The heroic behavior of Jayaprakash is nicely portrayed in the manuscript. The short life of Ranajit Malla and his family in Kashi sounds really tragic. The travel of a pregnant queen to Kashi should have been a real hardship to them.

In short it is very important volume of manuscript which needs to be printed in bookform and should be brought to the knowledge of all Nepalese citizens. It will enhance the image of the state and true history would come out.

Some excerpts from that manuscript is reproduced here and let us hope some day it will come out in the book form.

कालकर्मदेषिन रहीत भयाका प्रेमूको चरणवृंदको आशय गरि उद्योग गर्नु चाहिन्छ भनी उनै परमेश्वरको नमस्कार गरि श्री जनरल मातवर सिंह थापाबाट पुराना कुरा बुढाबुढाहरूले लेषि राष्याको संग्रह गर्दा पाइयाको अघिको अघि पछिको पछि पारि षोजि पाइयामा एकै ठाउ सवै चाहिन्या कुरो कतैपनि नपाइदा पाइया पाइयाको सवैमा हेरि बुझी मिलाई यथार्थ गरि तजवीजमा ठहरिया अनुसार श्री ५ महाराजा पृथ्वी नारायण साह गार्षेशका पुर्षा कौन वंशका हुन भन्या कुराको र उनका सन्ततिमा महाराजा हुन्याहरूको वंशावली संक्षेपले गरि वर्णन गरिन्छ श्रीसीद्ध गोरषनाथ सहाय भै गोर्षेश भनि प्रष्यात भयाका श्री महाराज पृथ्वी नारायण शाहदेव, कौन वंशका हुन भन्या चंद्रवंशमा उत्पन्न भयाका प्रथम माल देवतागढ चित्तौर र उदयपुर नगरका राजा श्री अयुत वुं राणाजीभया-१ तनका पुत्र श्री वरावुं-२ श्री कनक वुं-३ श्री यशोवुं-४ श्रीऔडुम्वराय-५ श्रीभट्टारक वुं-६ श्री वीर विक्रम राय-७ तीनका सन्तानमा घरझगडा पर्दा गढ चित्तौरदेषि फुटि उत्तर पहाड देसमा आउन्या श्री जिल्तुहराय (जिल्लराय?)-८, श्रीअजिल्लराय-९ श्री अटलराय-१० श्रीतुथाराय -११ श्रीनिकिमि राय-१२ श्रीहरिराय-१३ श्री व्रम्ह राय-१४ श्री वषान राय-१५ श्रीमनोरथ राय - १६ श्री जय राय-१७ श्रीजगत्रराय -१८ श्रीभोजराय-१९ श्रीलसर्घा आयाका श्री भुपति राय-२० श्री व्रम्हनिक राय - २१ श्रीमन्माथ राय - २२ भिर्कोटको षिलुङमा आई रजायाका श्रीभुपाल राये-२३ तन्का पुत्र श्री भीचा-२४, इनका पुत्रहरू ४ मध्ये परमा नन्द मधचार्यलाई गुरु दक्षिणा षिलूं चित्तलय गरिदिकन पल्ला नुवाकोटमा रजायाका श्री जयेन्त षान-२५ श्रीसूर्य षान-२६ श्रीभीचाषान-२७ श्रीविचित्रषान-२८ श्रीजयदेव षान-२९ ईनका छोरादेखि साहि कहाया कास्कीमा आइ रजायाका श्रीकुल मंडन साह-३० इनका छोराहरूमध्ये लमजुङमा ल्याई रजायाका श्री यशोव्रम्ह शाह-३१ इनका छोरा तिनमध्ये माहिला श्री राजकुमार द्रव्य साहलाई ल्याई राजा तुल्याउन निमित्त आफुले हात लियाका सवैपंचलाई गणेश पाण्डेले संक्षेप दिंदा ब्राम्हण षस मगर्गैन्ह जो भयाका तागाधारी सकल पंचहरू थापा बुसान् राना मास्की राना गैन्ह पाउ भि अलि अरु मगर पाचहेरू पनि सवै जना वाटुला भै धर्न्य गरि यकै जतमत गरिकन रातका बीचमा दर्वार घेरि एक घोक गरी गोर्षाका दर्वारभित्र पसी षडका राजालाई मार्‍यापछि चाहि दोसराज म तैयार गरि शास्त्रमर्यादासीत श्रीराजकुमार द्रव्यसाहकन सिंहासनमा वसाई शाके सम्वत् १४८१ सहकालका भाद्रवदि अष्टमितिथि रोहिनि नक्षत्र बुधवारका दिन श्री नारायण पंडितले राज्याभिषेकको काम छिनी सक्यापछि आउदो आश्विन सुदि महाष्टमीका दिन तिनै नारायण पण्डितबाट आफ्ना कुलका हिजोका पुर्षाहरुले उपासना गरि आयाका देवताको महामंत्र सुनाई दिक्षा दिया एस्ता प्रकारसंग वडा प्रतापले देदिप्यमान भै यस पृथ्वीतलमा श्री गोर्षेश कहाइकन श्री द्रव्य साह महाराजा तेसदेशको राज्य भोग वर्स ११ सम्म गर्दा भया-१ तहांदेषि शाके १४९२ मा तीन्का पुत्र चांग्या सुर्तानलाई मान्र्या श्री पुरन्दर साह महाराज हुँदा भया ........

फेरि कांतिपुरका राजा भास्कर मल्ल हात्ति षेदा गर्न जाँदा १२ हात्ति पक्रि ल्याया र ब्राम्हणहरू जम्मा भै हनुमान ढोकामा गै गजपति महिन्द्रमल्ल भनि नाम प्रख्यात गरि आशिर्वाद दिया र सोहि नाम चलाया इन राजाका पाला नेपालमा महामारीले प्रवेश गर्दा काजि जंगल ठकुलले किंदो भन्याको ठाउँका घरमा राजा रानी र २ मैजुहरूलाई लगि वाहिर आउन नदिराष्दा एक दिन एक ज्यापु षेतमा हेर्न जादा

राजाबाट झ्यालका पुवालबाट देषि डाकि आजकाल सहर्मा मानिस कति मर्दछन् भनि सोद्धा ज्यापुले आजकाल त धेरै साम्य भयो भनी विन्ति गर्‍यो र राजाले बाहिर निस्कनका हत्तपत्तले झ्याल फोरी झ्यालाबाट फाल हाल्न लाग्दा रानीले र मैजुहरूले समाई विन्ति गर्‍या हे महाराज किन हतपताउनु हुंछ वाहिर निस्कन हुन्या भयापछि काजिहरू आई लिन आउन्यै छन् वढिया दिन हेरि पाउ लाग्नु होला भनि विंति गर्दा पनि नमानि वलैसि तझ्यालबाट फाल हालि सरासर आई हनुमानढोकाभित्र पसि सक्या पछि रानी र मैजुहरू पनि आयर उसै दिनका रात्रीराजालाई वेथा लागि राजा महिन्द्र मल्ल परलोक भै गया .....

काठमाडौंको काजि भलामानिस आउन्या काम गर्नु पर्‍यो भनी चित्तमा इदमित गरि नेपालका काजिहरूलाई उनीहरूले लेष्याको चीठि लेष्याझैं प्रतिउत्तरको झलक पारि तैले यस्तो डवलको चिठि पठाइस तं मेरो इष्ट रहिछन् तैले भन्याका काम कुरामा मं लाग्याकै छु दुई दिन ढिलो भयो भनी तन अगुता तेरो पिछ्रा पनि मैले लियाको छ त्यो काम अवस्य गरि पुर्‍याउला भंया झलकका लालमोहर चिठि काजी काजीलाई पठायाका चिठि राजा जय प्रकाश मल्लले फेला पार्न्या गरि पठाउनु भयो व्यहोरा भन्या गुप्त चीठि पठाया जस्तै काजले भन्या राजा जयप्रकाशका फेलापार्न्या गरी पठाउनु हुँदा आफ्ना काजिहरू माथि राजा जय प्रकाशले तिमिहरू ता मैले दियाका काजिपो हौ र तिमिहरू निमक छोडि गोर्षाराज सित मिलि हाम्रो विगारको दोहरा चिठि हेरि उदा रहया छौ भनि षत लाउदा हामिले गोर्षालाई चिठि लेष्याको छैन भनि विंति गर्दा राजा जय प्रकाशले रीस गरि गोर्षाबाट आयाका चिठि षोलि देषाई आफ्ना काजिहरूलाई काट्न्या काम गर्न लाग्या राजा जय प्रकाशले आफ्ना चिठिका मुद्दाले काजिहरू काटिदै गर्‍याको देषदा राजा जय प्रकाशका महातारि कुमुदिनी रानीलाई तिमी पनि मेरा महतारी हौ मितले त्यस्तो डबल लाग्याको देषदा मन मरेनछ र मलाई चिठि लेपनु भयो त तपाईको छोरो म पनि हुं दुइदिन ढिलो भयो भनी गाऱ्हो नमान्नु होला तपाईले लेष्याको काम कुरो म अवस्य गर्न्या छु भनि लेष्याको चिठि राजा जयप्रकाशले फेला पार्न्या गरि पठाउनु भयो र चिठि फेला पारि आफ्ना महतारि माथि वहुतै रीस गरि तिमि पनि मेरा भलो हेर्दैन रहयाछौ अर्को मेरो को भलो हेर्ला भनी महतारिसित पनि चित्त दुष्यो। ......

किर्तिपुरमा चारोतरफ पर्षाल हुनाले सवैले अपुंगी पऱ्याङ बनाई लेंग्या, चारोतरफबाट फौज गै झुक्यो भगवन्न नाथले मंत्र्याको तित्रो सहरभित्र हाल्दा भित्रबाट घोषु पार्दा बहिर्तिर आउन्या गर्‍यो तित्रो भित्र नपस्या पनि पऱ्याङलाई पर्षाल माथि हल्ला गरि चढ्या वैरीले पनि ढुंगा कांढले हानि पऱ्याङ पनि भांच्या भला मानिस पनि ढेरै षर्च भया काजि सुरप्रताप साहले लायाका पऱ्याङमा चढी काजि हर्क्या पन्तले हान्या मैले लायाका पऱ्याङमा चढि किन हानिस भनि काजि सुर प्रतापले भन्या पऱ्याङ तेरो अघि मन मेरा अघि भनि हर्क्या पन्तले भन्दा हर्क्या पन्तका गोडामा रु समाति सुरप्रतापले घिच्याया मार्‍यो सुऱ्याले भनि उनले पनि भन्या किर्तिपुऱ्यालि भन्या ढुंगाले हानि सवैको पऱ्याङ भाच्यो काढले र ढुंगाले बसि सक्नु भएन। काजि सुरप्रतापका वाउ नजरामा काड लायो नजर पनि विग्र्यो दलजित साहको पनि पऱ्याङ चढी हान्दामा तरवार लगि षगाले हाड छिनि तर्वार षस्यो जिवसाहका वाव ज्युंदो ढुंगाले लगि घावै भित्र पर्‍या कांड पन लाग्यो विरभद्र वस्न्यातका कपालमा र ढुंगाले लागि घिच्रो षदि वहि षस्या अरु ढेरै लस्कर लाई घा लाग्यो धेरै मर्‍यापछि लडात्री विगरि सवै लस्कर हटि दहचोकमा गया ... जीवको संसय गरी भागि जानु पर्दा पुतवारहरूले पनि धेरै मिहनत गरि उनीले पनि नपुग्दा जैकीन थापाका पीठमा चढी दहचोक डाडाचढी माथि पुग्नु भयो (Prithvi narayan) .. यस लडाईमा जयप्रकाश मल्लले लपेटा लियेनं कालुपाडेको शीर मात्र काटी लग्या ढाल तलवार षुडा लि वाग भैरवका देवालयमा टाँसि दिया ... महाराजका लष्श‍दलाई मुस्किल पर्‍याको थियो उस्तैताक नेपालका प्रजाहरू नुन कपास लिन जान्याहरूकन नेपाल आउन नदी थुनिराष्यापछि हुकुम गर्‍याको नमान्दा रिसाई तिनहरूलाई रुषमा झुंड्याई दिया ........

ताहा फेरि गोर्षा महाराजका लस्कर म ढिगु ठानामा प्रवेस गरी ठानामा रहयाकाहरूसंग सत्य विस्वास गरि तिमीहरूलाई मार्‍यां छैन भनि निदानमा सवैलाई मारि सर्द र २ जनालाई समाई नुवाकोटमा लग्र्यार ति दुई काजिहरूका छोरालाई तादिमा डुवाई सास्ति गर्दा एक सर्दार मरि गयो काजि धनवन्तको छोरो वीर नरसिं मरेन र पछिवाट नेल हालि चौकिमा राषी त्रिशुल गंगाको सांधुमा राषी छोड्या र एकदिन नेलै सुल्दा त्रिशुल गंडकिमा फाल हाल्दा चौकिदारहरूले यो नेपालको काजिको छोरा मर्‍यो भाग्यो भन्या हामीलायी

विर्गा पर्ला भनि डराई धेरै जना गंडकमा फाल हालि समाई फेरि माथि ल्याई राष्या - तहापछि गोर्षा महाराजबाट तेरा वावालाई झिकाउनु निमित्त म पनि पत्र लेषी झिकाई पठाउछु तपनि तेरा वावुलाई झिकाउन्या चिठि लेषि पठाउदै गर त्रहा हाम्रा हजुरमा हाजर भयापछि तेरा बाबु र तलाई प्रवस्ति गरि बक्सौला भनि हुकुम हुदा म र इहाबाट कदाचित उमकन पाउन्या छैन तपात्री यहाँ पात लाग्नु भया बाबुछोरा दुवैलाई भलै हुन्या छ जुन महाराजबाट तपाईलाई काजिमान दिनु हुन्या राजाहरू पनि परलोक भै गया अव र तिन सहरका आपुसमा मेल नभै विग्रन तयार भयाको राजेको आसा नगरि पहिर्मा आवनु हवस भंया चिठि वरावर आउदा काजि धनवंतले नेपालको चाला वेदवल् देषदा र आफ्ना दाज्यू भाई मध्ये २ काजिलाई मरायाको मान्याको देषि जय प्रकाससँग साल्है इतराजि पर्दा गोर्षा महाराजबाट लाल मोहर पठाई झिकाई वक्सनुहुन्छ छोरोले पनि आउनमा वरावर चिठि आउछ गोर्षाका काजि मेरा मित पनि छदैछन् रहनु भन्दा जान्यै वढिया औसर हो भनी कांतिपुर सर हुनु वर्ष दिन अघि गोर्षा महाराजका सरनमा गया र १२५ जना तैनाथ दि ९० पेत र वुग्मति षुवा वक्स्या गोर्षा जानि वित्तिकै नेपालका राजाले ६ धनवंत काजिको सर्वस्व हऱ्या र गोर्षा महाराजबाट सवै थामि वक्स्या .... फर्पिङ थानकोट पांगा नगाम जिति किर्तिपुर चढाई गर्दा किर्तिपुरमा ललित पट्टनको टौढिधन सैष्वाल काजिहरू जाई कोटमा वस्याका थिया तिनहरूसंग लडात्री गरी किर्तिपुरलाई रसद पानिबाट मुस्किल गरि घेरा दि ढोकाबाट वाहिर आउन नदि सहरबाट मद्दत आउन पनि नदि राष्या उप्रांत शाके १६८७ नष्ट चैत्र शुक्ल ९ को रात्री कोटमा रहन्याहरूमध्ये गोर्षातिर मिल्न जाई गोर्षामहाराजका लस्करलाई किर्तिपुरका प्रजाहरू ज्मा भै चिराक वालि किर्तिपुरका कोटघरमा प्रवेश गराया .... यहाँ उप्रान्त नेपालका ठूलो आड किर्तिपुर सर भयापछि किर्तिपुऱ्या प्रजाहरू सामन्य देषापर्दा आइलाग्न्याहरूकन समाई माऱ्या । पछिवाट अघि कालु पांडे प्रभृति सर्दारहरूलाई मारि दीयाको रिसले र पछि सुर प्रताप साहका नजरमा तीर प्रहार गरि दीया भंया रिसले किर्तिपुऱ्या प्रजाहरू १२ बर्ष भन्दा उभोका उमेर भयाकाहरूकन नाक् काट्या भागी दवी रहन्याहरूको मात्र वाच्या यस किर्तिपुरमा लडात्री हुँदा अघि ६ मैन्हा सम्म थाम्यापछिको लडाईमा र लडाई गरि वेथैं ज्यान फेक्नु मात्र थियो तैपनि किर्तिपुरकाले पुव लडाई गऱ्याको हो तर काजि गोर्षातिर मिल्न जाँदा पछि केहि सिप नलाग्दा किर्तिपुर सर गऱ्या नाक काटि नक्टापुर भंनि मन लाग्या ताहांपछि गोर्षा महाराजबाट फौजलाई पाटनतर्फ लगि पश्चिमपट्टिका आधा सहर ताहाका ठानाहरू स्मेत थौरै दिन सम्म लडाई गऱ्यापछि दुवैतर्फका ढेरै मानिस मऱ्या धेरै घाइता भया तहांपछि ललितपट्टनका प्रजाहरूले किर्तिपुरका प्रजाहरूका नाक काट्याझै नाक कटाई मागौला भन्या डरले लडाई ज्यादा गरेनन् तहापछि गोर्षाका लस्करले अव पाच दिन भित्रमा सहर छोडेनन् भन्या किर्तिपुऱ्यालाई जस्ता होला भनि दहरातदी सहर छोडाउन तैयारि भयाको थियो ...... उस्तै ताका पश्चिमतिर फेरि चौविसी भयो भन्या षवर आयो ...

राजा रनजित मल्लले काजि प्रमानहरूकन बोलाई मुलचोकमा संवत भयो. जयप्रकाश तेजनरसिंह मल्ल भागी आई दत्तात्रयका देवलमा बसी रह्याका छन् भनि षवर आयो अव कसो गरौं भनी राजा रनजित मल्लले सोद्धा सवै काजी प्रमानहरूले हात जोरी विंति गऱ्या सरन लिन्या जोग्या हो भंदा फेरी राजाले भन्या भन्या तिनले हामीलाई हाम्रा प्रजालाई बहुतै दुख दियाको छ गोर्षाबाट भन्या हामीले षेदि ल्यायाका मृग तहा पछि रहेछ तिनलाई सौंपि देउ नत्र दुष पाउला भनी लालमोहर आयो अव कसो गरौं भन्दा काजि प्रधानहरूले विन्ति गऱ्या उसो होइन महाराज हिजोका कुरा हिजै गयो आज भयले भागी आयाका क्षत्रीयकन क्षत्री भै कसोगरी सौंपनु हुन्छ राजा जस्ता सरन आयापछि सरन लिन्यै हो सुम्पन्या होइन भनी सवले विंति गर्दा फेरि राजाबाट क्या भन्याकि हामीले गर्नु तेस्तै हो मेरा चित्तले पनि तसै ठहरायाको छ दुनियादार पर्जाले त मान्या छैन तैपनि टोलटोलमा पर्जाहरू संग सोधनि गर्न पठाउन भनी मनो ठहराई छरिदार अरु प्रधानहरू पठाई सोधनि गर्न पठाया कसो भन्या टोलटोलमा डोबाटामा बसी हे पर्जा भला आदमी हो महाराजबाट यौटा कुरा सोधनि गर्न पठाउनु भयाको छ क्या भन्या जय प्रकाश तेजनरसिंमल्ल देश छाडि भागि यहाँ आई रह्याका छन् तिनहरूलाई सौंपि दिउं भनी गोर्षा महाराजबाट मोहर पनि आयो सौंपि दिन्या हो कि भागी आयाका क्षत्रीको सरन लिन्या हो भनी २४ टोलमा सोद्धा चौविसै टोलका प्रजाले एक मुष गरि जोरी विंति गऱ्या हिजो उनले दुष दिया त पनि उनको धर्म उनैलाई हाम्रो धर्म हामीलाई छ राजा जस्ता सरन

आयापछि तिनलाई सौपन्या जोग्य छैन भनी विंति गऱ्या सो विस्तार राजा रनजित मल्लका हजुरमा आई प्रधानहरूले उत्तरा विंति गऱ्या ..... (राजाबाट हुकुम भया) ... उसो भया इपाछेका चोरहरू सारी त्यहाँ लिपी ती दुईलाई राख्ने .....

*(After this comes the detail of war in Bhaktapur)*

बइगल चोटा कोठा चोकभरि नेवार प्रजा भोट्याहरू बस्याका थिया. चोकका वायव्य कोणमा लिस्न्याबाट राज रणजीत मल्ल माथि गया. तहां पछि तेजनरसिं मल्ल अरु प्रधानहरू सवै माथि पुग्या राजा जय प्रकाश मल्लले पनि पाउ उठाई लिश्नामा टेक्न तयार हुंदा छानाबाट बन्दुकले हान्दा दाहिना पाइतालामा गोलि लागि लिस्नै मनी उत्तानु पऱ्या हाहात्कार गरी सवै कराया ... कंपनिले धडाधड वन्दुकले हान्दा वाहिर मटान भरि चोक भरि मानिस मरि रह्याका छन् एकका सरीरमा दुई दुई तिन तिन वन्दुकका गोलि लाग्या छन् अव यहाँ कोठामा वसी क्या गरुं टीकन्या छैन भर गर्नु पऱ्यो पगरि षसाली दिनु पऱ्यो भनी दुई तिन वेर भंदा पनि कसैले जवाप दिन सकेनन् आफ्नु पगरि झिकी फोई सानु झयालको प्वालबाट पगरि पसालदा हाति दस पारि तल पुग्या पछि गोर्षलिले भयो भयो वन्दुकले नहान भनि छानामा सवै ठाउँ उर्दि गरिदिया .... ललितपट्टनका राजा तेजनरसिंह मल्लकन र वन्दिषानामा वन्द गरि प्राणमुक्त गराया ॥ राजा रनजित मल्लकन मानीता गरि राष्याका थियाँ । यकदिन सरदार कहरसिं वस्न्यात आई विन्ति गऱ्या हे महाराज हुकुम हुंछ हजुरमा पाव लाग्नु हवस् भन्दा राजा रणजित मल्लले क्या कुरा पऱ्यो किन मैले आउनु पऱ्यो भनी सोधनि गर्दा सर्दारले निकै कुरा हो केहि संदेह मान्नु पर्दैन लौ पाउ लाग्नु हवस भनी श्रीमहाराज पृथ्वी नारायण शाह राज गर्नु भयाको ठाउँमा लग्याराजा रणजित मल्ल पुग्नि विन्तिकै श्री महाराज पृथ्वी नारायण शाहबाट राज गर्नु हवस भनी वसाया. ताहापछि श्री महाराज पृथ्वीनारायण साहबाट हुकुम गऱ्या क्या गरुं मैले पेदी ल्यायाका मृग तहां पछि रहेछ तीनहरूलाई सौपि देउ भनि मैले मोहर पनि पठायाको हो सौपि दियौन दुष पायौ भनि हुकुम हुंदा राजा रनजित मल्ले भन्या हो हाम्रा सात गाउ नाला धुलषेल वनेपा पडपु चौकोट पनौति सांगा दपल गर्दा ती जय प्रकाश मल्ल यहां आयाको थियन अव उ पनि हात परी मरि गया म पनि हात पर्‍यां ज्या गर्नु छ गरि हाल भनि यति कुरा भयापछि दुवै चुप लाग्या. थोरै वेर पछि श्री महाराज पृथ्वीनारायण साहबाट हुकुम गऱ्या हे बाबा अव क्या मन्सुवा छ लौ आज्ञा गर्नु हवस्. उहाँपछि राजा रणजित मल्लले क्या भन्या कि अव मेरो केहि मनसुवा छैन यति सुनी पृथ्वीनारायन साहबाट फेरि तेस्तो होइन लौ आज्ञा गर्नु हवस भनी वारंवार हुकुम हुंदा हे पुत् अव म ७५ बर्षका उमेर भै गयां अव मलाई केहि चाहिदैन भनि भन्नु हुंदा, त्यस्तो होइन वावै तीन शहर वाहेक बनेपा पनौति तिर मनसुवा भया उतैतिर, उसतिर होइन साषु चांगुतिर भन्या पनि ठिमि नगदेशतिर भन्या पनि अथवा तेस्तीर होइन किर्तिपुर थानकोटतिर वा चापागाउ ठेचोतिर भन्या पनि एउटा गाउमा राज गर्नु चाहिंछ आज्ञा गर्नु हवस् तीन सहर वाहेक जहां मनसुवा छ उस गाउका आम्दानिले नपुग्या म पुऱ्याउदै गरौंला भनि वारंवार ढिपि गरि हुकुम गर्नु हुंदा मैले माग्नै पऱ्यो मागौं भनि राजा रनजित मल्ले भन्नु हुंदा श्री महाराज पृथ्वीनारायण शाहबाट माग तिन सहर वाहेक दियां भनि पोल्टामा वाहुली राषी दिया र राजा रनजित मल्लबाट यो नेपाल षल्टाभरि म माग्दीन भनया र तेसो पनि लौ दियां दियां दियां भनि हुकुम भयो तहांपछि राजा रनजित मल्लबाट वृद्धावस्था भयाका मलाइ केहि भोगको अभिलाषा छैन केवल चलाई दिनु हुन्छ भन्या श्री काशिवास देउ भनी पोल्टा थाप्या र दियां भनी श्रीमहाराज पृथ्वीनारायण शाहबाट वाहुलि पोल्टामा राषी हा हा भनी दुवै षुसी मान्या सर्दार केहर्सिं वस्न्यात तिर नजर गरि महाराजबाट हुकुम गर्नुभयो लौ कहर्सिं सराजाम डोल्या भरिया पैषर्च चाहिदो सवै तयार गर भनि हुकुम भयो उहांपछि राजा रनजित मल्लले हुकुम पोल्टामा थापी अव जान्छु भनि विदा भै हिटिचोकमा अई रानीलाइ सवै विस्तार सुनाया षुसीसंग रात्रीको भोजन गरी सुकाला गरी सवेरै जागा भै रानीसंग फेरी मैले विरायो कि भनी आज्ञा गरी कसे हो उहांबाट उहांसम्म भन्याथा विस्तार मैले कह्यां तैले सुनिस भंदा रानीले विन्ति गरिन वेस भयो । अव हामीलाई क्या चाहिन्छ केहि विराउनु भयाको छैन काशिवास पाया हुंछ भनि विंति गरिन महा आनन्द गरि वस्या. उहाँपछि राजा रनजित मल्ल र रानी माघ्या संक्रान्तिका अघिल्लादिन सायत पटियो चारदिन अघि सर्दार केहरसिंह बस्न्यात आया र बुढा राजाका हजुरमा आई विन्ति गऱ्या राजा रानीलाई र अवधुतसिंहलाई पोशाक दी पठाया दुइदिन अघी श्री तुलजा

भवानीका स्थानमा जाई यकछिन विस्तार गरी जपस्तोत्र गरि दर्शन गरि मुलचोक प्रदक्षिणा गरि राजा रानी डोलामा चढी अवधुतसिं प्रतिमन अधिकारि पारथ भंडारीले पनि घोडाचढी दरवारबाट प्रस्थान गरि सुनढोकाबाट निरक्या सहरका प्रजाहरू धेरै ज्मा भयाका थिया तिन सहरलाई आसिरवाद दी सरासर कांतिपुर पुग्या उस दिन दरवारमा वास दिया. भोलिपल्ट र ाजा रानीबाट हाम्रा छोराहरू वन्दिषानामा छन् तिनहरूलाइ बन्दी छुटाई हामीहरूलाई विष्णुमति सम्म पुऱ्याउन आउन पाया सुनापर सुगंध हुन्या थियो भनि सरदार केहरसिं वस्न्यात मार्फत हजुर्मा विंति गर्न पठाया. उसै माफिक श्री महाराज पृथ्वीनारायण शाहका हुकुमले छोराहरूकन झिकाई भेट गराई दिया. ती छोराहरूमध्ये अच्युतसिं सान्है विरामी थिया र विष्णुमति लग्या वहां प्राणमुक्त भयो उनका स्त्री सती गइन छोरा उद्धवसिंहले संस्कार गऱ्या उहां उप्रान्त राजा र नजित मल्ल श्री काशिवास निमित्त जाँदा चन्द्रा गिरि पर्वतमा चढि नेपालको मायाले नेपालतर्फ हेरि यकछिन विश्राम गरि उसैघरि यक गीत यस्ता तर्हको.... राग

हाय हाय राम राम गथे मलुमने नेपाल
सतुरि दुरजननं फुतकल यो आव ॥धु॥

झिन्नेदोल राजेस मदतयो जित वास
विदेशया वास जुल थनि आव राम राम ॥ १ ॥

न्हथुजनम (हथुजनम) या पापं मडेनागु सोय धुनो
पन्जलस चोनामदु थेजि डोन राम राम ॥ २ ॥

नवदुर्गा गणस्याके सहश्री जि विनती याना
लपलपि अपराध छेमायाओ राम राम ॥३ ॥

ल्हाय गोम्हयाके जित दुषया वेदना
थुगुपासा फेनिओ सुनान राम राम ॥ ४ ॥
पिरती यानाव चोन छलयात दुरजननं
हाय हाय छु नुगल जुल राम राम ॥ ५ ॥

सूर्यवंशी कुलमनि श्रीरणजित मल्ल ।
तलेजुन विल वैकुंठ वास राम राम ॥ ६ ॥

त्यस्ता तऱ्हको गीत वांधी गाई अश्रुपात गरि नेपाल क्षेत्रको दर्शन गरि सरासर कासितर्फ गया । ... वहां पुग्या पछि यक मैत्रा जन्म भै गंगालाभ भइन फेरि २० दिनमा रानी गंगालाभ भइन्. नेपाली सम्वत ८९१ ज्येष्ठ शुदि १० दसहराका दीन राजा रनजीत मल्ल सूर्यवंशमा उत्पन्न भयाका अंतका राजा व्रम्हनालमा परलोक भया ॥ .. ॥ पछि कोहि सहरैमा रह्या कोहि कतै गया. दलमर्दन साह कटहर बनामा जाई वास गऱ्या. सुरप्रताप साह पालपा जाई वास गऱ्या ...

कांतिपुर राजाको जीत हुन्या भुमि राजधानि उत्तम ठहराई वास गर्दा भया नेपाली सम्वत् ८९१ सालमा आफ्ना रानीपरिवारकण गोर्षाबाट झिकाउनु भयो । .... नेपाली सम्वत् ८९३ साल नेपालका षेतमा अवल द्वयम सीम चाहार चार प्रकार छुट्याई षेतका पोत उठाई लिया । ....

शाके १६९६ साल .. श्री सिंह प्रतापसिंह शाह ... इन महाराजाका पालामा अघि नेपालमा नभयाको नुवाकोटका लिंगका उपमाले कांतिपुर शहरमा. प्रतिवर्ष लिंगो उभ्याइ इन्द्रस्थापन गरी इन्द्रजात्रा सोभा गराया फेरि शिुल डवलिमा अचारहरूले जज्ञ गरि रह्याको महाराजबाट देषनु भयो र इनहरू त ब्रांम्हन होइनन् क्या प्रमानले जज्ञ गऱ्या भनि हुकुं हुंदा तंत्रशास्त्रका प्रमाणल गऱ्याको हो भनि विन्ति गर्दा तंत्र सास्त्र झिकाई नगज गर्दा मंत्रशास्त्रको मत बढिया मानी चित्तले इक्ष्यां गरि तुलजादेविको रसेन गर्न निमित्त इक्ष्या गरि अरु सास्त्रबाट प्रख्यात नभयाका गुढ मंत्र जंत्र देवदेवीका रहस्य ध्यान आगन बुझ्न निमित्त विना दिक्षाले अधिकार नहुनाले दिक्षा लिन निमित्त मंत्र सास्त्र जान्य ब्राम्हन ललितपत्तनका कीर्ति राजा नन्दोपाध्या सुकुलकन गुरुपछि गरि मंत्र सुनी नित्यार्चन गर्दा भया ...

# ठैबस्थित गणेश मन्दिर जीर्णोद्धार

**- प्रकाश दर्नाल**

ललितपुरको प्रसिद्ध गोदावरी कुण्डतर्फ जाने बाटोमा ठैब गाउँ पर्दछ । यो गाउँ हरिसिद्धिको पूर्वतर्फ र बाँडे गाउँको पश्चिममा रहेको छ । शिलालेखहरुमा यस स्थानलाई अजेष्टपुर भनिएको छ । देवमाला वंशावलीमा ठैब सहरबारेको उल्लेखमा यस्तो लेखिएको छ :- नेपाली सम्वत ६२९/ ३० सालमा नेपाली राजा रत्नमल्लका पालामा कुंकुं नाम भोटे देवानहरुको रखवार निमित्त ५०० घरको सहर वसाइ दिएका हुन् । यो सहरको मूलदेवता हरिसिद्धि हुन् (देवीनाथ २०१३, १२६) ।

ठैव गा.वि.स. वडा नं. ६ स्थित जल्ह चपाको पूर्व गणेश मन्दिर रहेको छ । यो मन्दिर इटा, काठ र माटोले बनेको तीन तले छ । यसको पहिलो र दोश्रो छाना झिंगटीको छ भने तेश्रो छाना अर्थात माथिल्लो छाना तामामा सुन जलपको छ । सवभन्दा माथि तामामा सुन लगाइएको गजूर छ । मन्दिरको भुईं तलामा गर्भगृह रहेको छ । यसको पूर्व र उत्तरतर्फ पुरै गारो लगाइएको छ । तर पश्चिमतर्फ आधा भागमा गारो र दक्षिणतर्फ पुरै खुला छोडिएको छ । मूर्तिहरु गणेश दुई (१९ * १४ र १९ * १० से. मि.), गणेशको वाहन छुचुन्द्रो दुई (१९ * १९ से. मि.) र बुद्ध (२१ * १० से. मि.) उत्तरतर्फ अग्लो पेटी बनाइ दक्षिण फर्काएर राखिएको छ । मन्दिर को चारैतर्फ कलात्मक काठका थामहरु भए पनि पूर्व दक्षिणमा थप एक र पश्चिमको माझमा थप एक गरी जम्मा ६ वटा थामहरु छन् ।

काठमाडौं भ्याली प्रिजर्भेशान अफ फिजिकल इनभाइरन्मेण्ट एण्ड कल्चरल हेरिटेज अ प्रोटेक्टिभ इनभेन्टरी भोलुम २ को पृष्ठ २५४ मा यो गणेश मन्दिर सिद्धिनरसिंले १८७६ इ.स. मा बनाएको गलत जानकारी र १९३४ इ.स. मा मानकृष्ण श्रेष्ठले जीर्णोद्धार गरेको भनी उल्लेख गरिएको छ । वास्तवमा गणेश मन्दिरमा भएको शिलालेख अनुसार यो मन्दिर वि.सं. १९३४ मा हरिनसित्वाको भारोले बनाएको देखियो र मानकृष्ण श्रेष्ठ सहितले वि.सं. १९५० मा गणेश मन्दिरमा आएर पंचबाजा बजाउने गुठी राखी दिएको विवरण शिलालेखमा भेटिन्छ ।

गणेश मन्दिरमा चारवटा शिलालेख पाइन्छ । मन्दिरको पूर्वपट्टि वाहिरी गारोमा वि.सं. १९६६ (८९* ४० से. मि.) को शिलालेख छ भने भित्रि गारोमा वि. सं. १९३४ (५३* ३९ से. मि.) को शिलालेख राखिएको छ । त्यस्तै ने.सं. ९९७ (५१* ४३ से. मि.) को शिलालेख मन्दिरको दक्षिण पूर्व भुईंमा गाढेर राखिएको छ । चौथो शिलालेख ने.सं. १०१४ (५१*३३ से. मि.) चाँहि मन्दिरको पश्चिमपट्टि वाहिरी गारोमा टाँसेको छ ।

ठैव गणेश मन्दिरमा दैनिक पूजाआजा हुन्छ । दशहरा दिनमा यहाँ विशेष पूजा हुने बताए । यहाँ बौद्ध, शाक्त, शैव तथा वैष्णव सवै सम्प्रदायकाले पूजा गर्छन् । ठैव भरिमा तीन तले मन्दिर यही एउटा भएकोले यो गणेश मन्दिरको महत्वपूर्ण स्थान छ । फाल्गुन तथा भाद्र पूर्णिमा यहाँका मुख्य पर्व हुन् । मन्दिरको उत्तरतर्फ लिच्छवि चैत्य (६८ से. मि. गोलाइ र ३२ से.मि. अग्लो) तथा सोह्रखुट्टे मण्डप पाटी पर्दछ । मण्डप पाटीमा फाल्गुन पूर्णिमाको दिन सरकारी पूजा गरिन्छ । नौथरी भलाद्मी भेला हुने यो पाटीमा हाल पाँच थरीमात्र वाँकी रहेको थाहा भयो । पश्चिममा हरिसिद्धि भवानीको चपा (सत्तल) छ । यसको प्रवेशद्वारमा ने. सं. ७९९ कुदिएको छ । चपाभित्र हरिसिद्धिको तोरण र नासद्यो छ । यहाँ फुलचोकी माइको सिद्रा नाच (चुलेचा द्यो) को जात्रा हुन्छ । त्यस्तै मिचा (थैलो) को जात्रा पनि हुन्छ । गणेश मन्दिर को दक्षिणतर्फ न्हुँ फलेचा अर्थात लामपाटी छ, जहाँ दशैंमा नौथरीले टिका लगाइ दिन्थे । यो संगैको कलात्मक पाटी हाल ढलान पाटीमा परिवर्तन भएको छ । हरिसिद्धि नाच नचाउने थठ्या डवु (अग्लो डवली) अझै पनि लामपाटीसँगै रहेको छ । तर नाच देखाउने कार्य भएको

छैन । त्यस्तै मन्दिरको पूर्व दक्षिणमा सरश्वतीको सुन्दर प्रस्तर मूर्ति छ । तर यसको परम्परागत पाटी भने हाल देख्न पाइन्न । यसरी विभिन्न महत्वपूर्ण स्मारकहरुले घेरिएर रहेको गणेश मन्दिरको साथै क्रमश अन्य स्मारकहरुको पनि संरक्षण तथा मर्मत सुधार गर्नु पर्ने भएकोले आर्थिक वर्ष २०६०/६१ मा स्थानीय जनसहभागितामा गणेश मन्दिर को जीर्णोद्धार कार्य गर्न पुरातत्व विभाग र ठैव गणेश मन्दिर जीर्णोद्धार उपभोक्ता समिति बीच सम्झौता भई जीर्णोद्धार कार्यको थालनी भयो । जीर्ण मन्दिर भत्काई जग खन्ने कार्य २०६१ जेठ को दोस्रो साताको पहिलो दिन देखि मात्र शुरु गरियो । मन्दिरको लम्वाइ र चौडाइ २.४० मि. अर्थात वर्गाकार छ भने उचाइ ८.३० मि. रहेको छ । यसको तेश्रो तलामा २ वटा कुशल (६०* ६.९ से. मि.) र ३ वटा टुँडालहरुमात्र कलात्मक छन् । टुँडालहरुमा गणेश (४९.५* ८* ६* से. मि.) कुमार ( ४८.५* ९* ६ से.मि.) र मायादेवी (४९* ९* ६ से.मि.) को मूर्तिहरु कुँदिएका पाइन्छ । अन्य कुशल र टुँडाल साधारण काठको थियो भने बाँकी दुई छानाको सबै कुशल र टुँडालहरु पनि काठका साधारण छन् । तर तिनवटै तलाको चारैतिर काठको कलात्मक आँखीझ्याल पहिलोमा ८४* ६० से.मि., दोश्रोमा ५९* ४२ से.मि. र तेश्रोमा २८ *१९ से.मि. का राखिएका छन् ।

गणेश मन्दिरको जीर्णोद्धार कार्य विभिन्न कठिनाई र कारणवस २०६१/६२ आ.व. मा सकियो । मंगलाल शिल्पकार र लक्ष्मी राजचलले मन्दिर बनाउन श्रम, सीप र कौशलता देखाएका छन् । ओ.सि. मोहनकृष्ण श्रेष्ठले प्राविधिक रेखदेख गरेका थिए भने इश्वर श्रेष्ठले उपभोक्ताको तर्फबाट प्रतिनिधित्व गरेका थिए । त्यस्तै स्थानीय बासिन्दाहरूले पनि यथासक्दो श्रम गरी महत्वपूर्ण सहयोग जुटाएका थिए ।

गणेश मन्दिरको जीर्णोद्धार सम्पन्न गर्दासम्म रु. छ लाख तेन्ह हजार पाँच सय खर्च भएको देखिन्छ । यहाँ दिइएका सबै शिलालेखहरूका पाठ दुरुस्त पढ्न सहयोग गर्ने लिपि विशेषज्ञ श्री श्यामसुन्दर राजवंशी प्रति यो पङ्क्तिकार आभार प्रकट गर्दछ ।

(१). ल.पु. ठैव गा.वि.स. वडा नं.६ स्थित थःने टोल स्थित श्री गणेश मन्दिरको भित्री गारोमा रहेको वि.सं. १९३४ ने.सं.९९७, साइज ५३ से.मि. X ३९ से.मि. को शिलापत्र

लिपि :- प्रचलित नेपाल

भाषा :- नेवारी

पंक्ति :- २२ हरफ

१. नम श्री गणेशायनमः|| स्वस्ति श्री नेपाल संवत ९९७ श्रीसम्वत १९३४ साल मिति ज्येष्टमा

२. से शुक्लपक्षे दशमियांतिथौ चित्रानक्षत्रे परिघजोगे जथाकर्ण मुहुतके बुध वा

३. सरे मिथुन राशीगते सवितरी कन्याराशीगते चन्द्रमसी यतस्मी दिने श्री अज्येस्त

४. पुर देशे अरधपाको येतागृहवासित हरिनसित्वाका भारो कनेष्टभ्याता जितमान भारो ...

५. नित्या नृत्वा भालो सोकस्त म्पाता भाज्या सुनषा लानि मनि भालावि सोकस्त

६. प्ता पुत्रमान कृष्ण भालो थ्वते समोहन धर्मचित्त उत्पत्ति जुयाव श्री थानपति श्रीग

७. णेश देवता सके देवल दयेकाव सुवर्ण या पलिन चिनाव सुवर्णया गजुलि सव

८. या श्वत तयाव छत्र छाया, देवल मदयाव परिस देवल दयका जुल ||पुन भाषा देवया

९. पूर्व कालस जीर्ण जुयाव ... ली धकं गुठिचिनकाव गुठि भालो पनित चितायाक त

१०. याव जिउनी जगा तयावियाजुल बिर्ता प्यपाष्वाल नसि || थैव पाचासि या षा

११. बु रोव सितिकनवा २७ वा देशया को पाषारोओ सा ३ ठेंचो पोभाः कायाषा वु जवछि

१२. जठा चतुराधाः त्यन परिवेष्ट || भाषा थ्वते बुयावालि ज्मा वा. फ गयेफा ९० छो फ्सा ३ ढुके ..

१३. याव वा पाका ..... पोता ..... |२ पुलेमाल वर्षपत्ति वाफे २० जे

१४. गेरा तयाव शेष बाकिं सकल दशमी थोखुनु पुजा सारजाम मालको दयकाव चतुर

१५. वहिः वाहुन तया छ बदे गामया कनकमणी गुभाजु न वसाधन पुजा यायमाल गोभाजु

१६. यात दक्षिण । ध्यवा गोल वियाव गुठीमालो प्रतिस्यन भक्षाभोजन यायजुल || ठोसवो

१७. छलः लो उतमः स्वतकाव अभिछेन यात कोलेमाहा उतोस्व जुउजुलः थ्व चोस्यतको

१८. मयातकाले सुनान लोभानि पापानि यातकाले व्राम्हादि पंचमहा पातक लाकजु

१९. ल थ्वते अठिहार ठैव अत्तल तोलया जुजुमान सि लाष्ये म्ह छि १ अत्तल तोलया मेहेर

२०. मानसि लाष्ये म्ह छि १ अत्तल टोलया भाजुमान लाष्ये म्हछि १ थेने टोलया मेहेर मानला

२१. प्ये म्हछि १ ज्मार्म्हे ४ जुल ॥ सोदत्तावा परदत्तावा जो हरिच वसुधराम षष्ठिवर्ष सहश्राणी बृस्ताया

२२. जायते कृमि ॥ सम्बत १९३४ साल गुठीचिना सिलापत्र तया जुल ।

ने.सं. ९९७ वि.सं. १९३४ ज्येष्ट शुक्ल वुधवारका दिन अज्येष्टपुर देशका हरिनसित्वाका भारो सहित भइ धर्मचित्त उत्पत्ति भई थान गणेश मन्दिर ३ तल्लाको वनाई गजुर सहित सुवर्णलेपन गरी छत्र चढाई दिएको र वर्षवन्धन गुठीको लागि जग्गा राखी दिएको कुरा उल्लेख गरेको छ ।•

(२). ललितपुर ठैव थनेटोल स्थित श्रीगणेश मन्दिरको पश्चिम पट्टि बाहिरी गारोमा टाँसिराखेको शिलाभिलेख ।

साइज :- ५१से.मि. X ३३ से.मि.

देवनागरिलिपि, नेवारी भाषा

संवत :- वि.सं. १९५० ने.सं. १०१४

पंक्ति :- २६ हरफ

शिलालेखको पूर्णपाठ यसप्रकार छ ।

१. ॐ नमो श्री गणेशाय नम: ॥ ॐ अद्यश्वेत बराहकल्पे वैवश्वत मन्वन्तरे कलिजुग्य प्रथ

२. म चरणे जम्वुदीपे भर्तखण्डे आय्यावर्ट पुन्य स्थाने हिमवत्पादे पशुपति सन्नीधाने वासु

३. कि क्षेत्रे वागमत्या दक्षिण कुले णेपाल देशन्तर्गत लालीतपट्टने इहैव पुन्येभुमौ

४. -- श्री संम्वत १९५० साल श्री नेपाल संम्वत १०१४ साल मिति फागुन मास्य शुक्ल पक्षे ॥

५. पूर्णमाया तिथौ ॥ उत्राफार्गुणि नक्षेतरे ॥ गन्धजोग जथाकर्ण मुहुर्तके ॥ वुधवारसरे

६. मिन राशीगते सवितरे ॥ सिंहराशीसगतत्ये चन्द्रमस ॥ श्री चन्द्रराहु ग्रासभ्यस्मिन्मा

७. हा पर्वदिने ॥ श्री द्वैवअंज्यष्टपुर देशे जहुचपको गृह बासित मान कृष्ण भारो

८. स्वपुत्र काजिमान भारो मात्रि भानिमुनि भारोनी ॥ प्रथम भाय्या लक्ष्मी कुमारी भा

९. रोनी ॥ दुतिय भाय्या लन्नमाया भारोनी ॥ येते पचम सरिर उभयोस धर्म्म चित्त

१०. उत्पत्ति जुयाव ॥ श्री गणेश देवताया पितीयाना बाजातया जुरो गुजरातपुस्य

११. गोलछि १ ढोलक ॥ जुछि १बद्ध -॥ थ्वते पंच बाजा सुथ बहनी नित्येनित्येषंदीतम

१२. यासेअवीछीनमयासे नित्य २ बाजा थायेमाल जुरोथ्व ॥ थ्व पंचवाजा फुजुलया

१३. वादेकार जुगीन ल्होनेमाल. थ्वो वाजा मेलेयनेमजु ॥ पुन भाषा थो पंचवाजा थाक बाद्यकार जुगि

१४. ५ स्या षानगी ज्मा वु डापिव स्व जवा ५ ॥| वालि किपुकि, जाकि न्यामुरी, वाह न्याफा ५/१५ छो मुरि

१५. १/३ थो वुया पोता १६ गंदी ध्येवा तका ३॥।३ श्री राजदर्वारमा पोता तिरो भरो मयास्ये वालिजाकी

१६. दुकाय मदु .वुयात तपसिल अफलवु रोव नसि ॥ मध्ये मिधा रोवछि १ जाकि की प्यंमुरि १ । छो

१७. कि प्यं पाथी ।४ दफ् : अफल भाजं वुरोव नसि २ स्वरोवछि १ जाकिकी प्यं मुरि छोकिप्यं पाथी

१८. दफे. सित वु : रोवनसि २ मध्ये रोव १ जाकि : कीप्य मुरि १ । छोकि प्येंपाथी ।४ दफे षाता थौवु रो

१९. वनसिं २ मध्ये रोव : छि १ जाकि किप्यं मुरि १। छोकि प्यंपाथी ।४ दफे नरेवुरोछि १ मध्ये रो

२०. वनसि ॥ जाकि कीप्यं ।१० छोकि पाथी २ थोति जुलो : ॥ पुन भाषा वाद्यकार जुगिपनि स्यन

२१. पंचवाजा मथातस्य षंदीत यातनास : दानप्रतिया अधिकार न थचु कोचु यायदु ।

२२. थ्व सम्बत छल लोहंलस : चोस्येतको जाकि छो : न्याम्हसेनं दुकयाव वाजा षंदि

• *यो शिलालेख उतार गरी पढन राष्ट्रिय अभिलेखालयका लेखक पदमा कार्यरत श्री हिरारत्न बज्राचार्यले सहयोग गर्नु भएकाले आभार प्रकट गर्न चाहन्छु ।*

२३. तमयासे थायेमार: बाजा मथास्यं: षंदीत यातसा: गो ब्रम्हनादी: पंच महापात

२४. क लाईजुलो ॥ यो दत्तंवा प्रदत्तंवा जो हरति वसुंधरा चतुषष्ठी सहश्राणी

२५. बिष्टाया जायते कृमि ॥ थ्व दत्त वाजाया जवगा हरण याकम्ह यात श्री गणेशया वि

२६. ग्रह जुयेमाल . सुभ सम्बदा

भावार्थ:-

ॐ नम श्री गणेशाय नम: ॥ सम्बत १९५० ने.सं. १०१४ फाल्गुणमास शुक्लपक्षे पूर्णिमायान्तिथौ वुधवार चन्द्र ग्रहण परेको वेलामा श्री थैव अंज्यष्टपूर देशमा वस्ने मान कृष्ण भारो, छोरा काजिमान भारो, आमा भामिनिमुनि भारो, पहिलो भार्या लक्ष्मी कुमारी भारो, दोश्रो भार्या लन्तमाया भारो यति पाँचजनाको धर्मचित्त उत्पति भई श्री गणेश देवता प्रतिष्ठा गरी प्रतिदिन पञ्चवाजा बजाउन ५ रोपनि ३ जवा खेत को आयस्ता राखी दिएको र पंचवाजा नवजाई खण्डित गरे वा जग्गा हरण गरेमा श्रीगणेशको विग्रह होस भनी सतर्क समेत गरेको कुरा उल्लेख छ ।*

(३). ठैव गणेश मन्दिरको पूर्व तर्फ बाहिरी गारोमा भएको शिलापत्र

साइज :- ८९से.मि. X ४० से.मि.

संवत :- १९६६ वि. सं.

पंक्ति :- ४४ हरफ

१. श्री गणेशायनम ॥ श्री नारायणनम ॥ श्री मत्स्येन्द्रनाथनम ॥ श्री भुतेश्वरायनम ॥ श्री भगवानायनम

२. अ तत्सतहरि ३ ॥ अद्य व्रम्हतणो द्वितीय प्रहराव्दे स्वेत वराह कल्पे वैवस्वतमन्वन्तरे वागमत्या दक्षिण भागे कौसिकयामप

३. श्चीम कौले ललितपत्तन नगरात्दक्षिण भागे अज्यष्टपुर नगरे कलियुगे वौद्धावतारे श्रीधर नारायन स्थाने दुर्मति ना

४. म सम्बतसरे श्री सूर्यउत्तरायेने वन्तरीतौ ॥ षट र स नव चन्द्रे वैक्रमन्दे नेपालादेववनेत्र चन्द्र राधेमास कृष्ण

५. पक्ष प्र पुवषाढा चरी असिव योगे भौम वारे मेष राषीस्थिते सूर्य्य धनु राषी गते नीसाचर सिंघराषि गते देव

६. गुरू अत्येषु ग्रहेषु यथा २ राषि स्थित पुस्वग्रहमणवीसेखण वींसीष्टाया ॥ ॥ अद्ये : भारद्वाज गोत्रोत्पन्न अजेष्ठ

७. पुर वीवासीना जीत मान वैस्यस्य स भार्य्या लानी मुनी पुत्र मान कृष्ण स भार्य्या लक्ष्मी कुमारी सीलावति पुत्र ह

८. रि कृष्ण हिरा चंख मान मोती चंख मान पौत्र पन्नालाल पीत्मातोस्वस्य व सकल परिवाराणी सकल पाप क्षय श्रति

९. स्मृती पुराणो झफला वांप्ति पुर्वश्र अन्तेनवादाय मुक्ती प्रापत्यर्थ अजेष्ठापुरस्थ श्री धर नारायण स्यनीत्य पुजनतत्म

१०. ण्दिर जीर्णोद्रीणार्थ च प्रती संकान्तीषु श्री मत्स्येन्द्रनाथ पुजनार्थे चैत्र कृष्ण चतुदस्यां अजेष्टपुर

११. जल चपाको संसज्ञस्थानास्थित गणपति वठ तोलस्य भुतेश्वर यो पुजनार्थ अजेष्टापुर यातथिकान जल

१२. दापपी वुचु वेन्द्रे पुरास्थ वुठ मुति स्थाने स्वे नैवर चीतं धर्मसाला तस्य रक्षेनार्थ नीत्य गीत वाध्यै हरि कृर्त

१३. नार्थ चातुर्मास्येषुदिप सुद्दिपयि व्रत राग र रक्षेनार्थ सपाउदृहित पथ्च दश रोपनी १ अत्रं समर्पित मिती

१४. सुभम् - अतपरंदेस भासया अजेष्टपुरका श्रीघर नारायांनका देवालये भत्की व्रीग्रेको देवालय

१५. जीर्ण भयाको वनाइ नीत्य पुजालाई साषुतभानाभ षेत रोपनी १। सलको षेत रोपनी २२ विश्व भरा षेत रो

१६. पनी ६ ज्मा रोपनी ९ अर्पण गरी पुजाहारी श्री माधवराज उपाध्या र श्री चन्द्रेश्वरानन्द उपाध्याहरूका

१७. दर्सन्तान षोसमोस नास्ती गरी नीज पुजाहारीलाई तालुकदी नीत्य पुजा आरती पर्व पर्वका पुजा आर

१८. ती चलाई रोजीदां दातालाई प्रसाद पुऱ्याई पर्व पर्वका प्रसाद अमाललाई पुऱ्याइ दिनु षेतका आम्दा

---

* *यो शिलालेख पनि उतार गरी पढ्न श्री हिरारत्न बज्राचार्यले सहयोग गर्नु भएकोले आभार प्रकट गर्दछु ।*

१९. नी मध्ये मोहरू र जगेरा राषी सो जगेराबाट वर्ष प्रती सो देवालय भत्की बिग्रेको टाल टुल गरी

२०. बनाउनु । टालटुलगर्दा पनि धेरी बीग्री गयो भने ठैव अमालमासादी अमालबाट नीकासा भया बमोजीम

२१. बनाउन पोता समेत तिरो बाकी आम्दानी पुजाहारीहरूले षानु भनी चधायाको श्री मत्स्येन्द्रनाथ

२२. का स्थानमा संक्रान्तीमा दानपत्र बमोजीम पुजाआजा चलाई सेष रहेका बालीले ठैव वथने टोल बस्ने वी

२३. र बहादुर समेत १२ जना मध्ये दाताका छोरा हरि कृष्ण १ मोती चंख मान २ भाईका दर सं

२४. न्तान समेतले गुठी पालो लिई आलेपालो गरी संक्रान्ती गुठी भुतेश्वर र गुठी चलाउनु भनी चढायाका भा

२५. द गाउ मंथौ षेत रोपनी थैव जल्ह चपाको ३ ॥ शिझायो शास्वथु टोलको भुतेश्वरलाई चैत्र कृष्ण चतुरद

२६. शीका दिन पुजा गरी भोजन गर्नु भनी सोही ठाउँ बस्ने जगतवीर श्रेष्ठ गुठीयार समेत ८ जना

२७. मिलि काम चलाउनु भनी चढायाको वादे गाउ रोपनी रहली गाउ षेत रोपनी

२८. ज्मा षेत रोपनी पोता स्मेत तिरी गुठी चलाई षानु भनी चढायाको – दफे श्री मत्स्ये

२९. न्द्रनाथमा संक्रान्ती संक्रान्तीमा आजापुजा गर्ने गुठीका षेत रोपनी येती भन्या माथि नषुलिएको

३० हुनाले मौथो षेत रोपनी १ ॥ को पोता स्मेत तिरी गुठी चलाई षानु –वाडेगाउको वुद्ध भग

३१. वानको थाननेर दाहिनेपट्टी बनाएको सत्तलमा चौमास भर भजन गर्नु गराउनु चौमास दीप वा

३२ लनु सो सत्तलमा हेरविचार गरी विग्रेको ठाउमा बनाई सावुद राषि सेष बाकी षानु भनी सोही ठाउ व

३३. स्ने हरिदास श्रेष्ठ १ सोही ठाउ पेपारव्वाल वस्ने दिनानाथ भट्ट १ स्मेत २ जनालाई दी पाटन

३४. मनाषो षेत रोपनी ॥। साषु तचा भुषेत रोपनी ॥। वादे गाउ विसनदोल षेत रोपनी

३५. ज्मा खेत रोपनी १ ॥। को पोता समेत तिरी गुठी चलाउने गरी चढायुध अजेष्ठपुरका बाटो

३६. मा रोजिन्दा पानी षुवाउनु धंलामुगमा बनायाको पोखरी विचार गरी षानु भनी छवासननी

३७. टोलको सिद्धिलाल श्रेष्ठलाई हिटी गाकोवु कमाउन दि सो जग्गाका वाली षाई काम चलाउनु भ

३८. नी रोषको हिटीगाकेव रोपनी ॥। स्मेत चधायु दानपत्र बमोजीम र शिलापत्र

३९. मा लेषिया बमोजिम कामकाज गुठी चलाई षानु चलायेन भने अमालका तजवि

४०. जबाट पुजाहारी गुठीयार परपजनी गर्नु सो लेषियाका वन्देजमा वसेन भने कसै

४१. ले जग्गा जमिन हरण गरे भने लेषियाका श्लोकको फल पाउनेछ ॥ श्री सम्वत

४२. १९६६ साल मिति वैषाख शुकल २ दुतियापर ३ तृतिया कृटिका नक्षत्र सौभा

४३. गे योगे वृहस्पति वारका दिनमा चढायाको ॥ स्वदत्तं परदत्तं वायोहरन्ति वसुंधरा

४४. षष्टि वर्षसहश्राणी विष्टाया जायती कृमि । शुभम ॥

**भावार्थ:**

वि.सं. १९६६ वैशाख शुक्ल दुतिया उप्रान्त तृतीया वृहस्पतिवार को दिनमा अजेष्टपुरका श्रीधर नारायणको देवालय भत्की विग्रिरहेको अवस्थामा सो दिन जीर्णोद्धार कार्य सम्पन्न गरी नित्यपूजाका लागि पर्वपर्वमा पूजाआरती भजनका लागि तथा भत्केविग्रेका मर्मत सम्भार समेत गर्न गुठी एवं पुजाहारी र चिाउदारको व्यवस्था गरेको मुख्य विषय उल्लेख छ ।



गणेश मन्दिर जीर्णोद्धार गर्नुभन्दा अगाडिको अवस्था



जीर्णोद्धार भइरहेको ।



गणेश मन्दिर जीर्णोद्धार गरिसकेपछि ।

# सांस्कृतिक सम्पदाहरुको चोरी निकासीको रोकथाममा देखिएका समस्याहरु

रामबहादुर कुँवर

मानव एक श्रृजनशील प्राणी हो । मानवमा भएको विकसित मस्तिष्कले गर्दा नै यो संसारको सर्वश्रेष्ठ प्राणीको रुपमा चिनिन्छ । मानवले आफ्नो विकासको क्रममा आफ्ना विभिन्न आवश्यकताहरू पूरा गर्न र समाजको क्रमिक रुपमा विकाश गर्न विभिन्न भौतिक र अभौतिक वस्तुहरूको श्रृजना गरेको देखिन्छ । मानवले समाजको विकासको क्रममा निर्माण गरेका भौतिक वस्तुहरू जस्तै दरवार, पाटी, पौवा, घर, भाडाकुडा, कृषि औजारहरू, ढुङ्गाका हतियारहरू, मानसिक र सामाजिक विकासको लागि निर्माण गरेका अभौतिक मूल्य, मान्यताहरू, विश्वास, कानून, भाषाहरूको समष्टिगत रुप नै संस्कृति हो अर्थात मानवले मानव समाजको विकासको क्रममा आफ्ना आवश्यकताहरू पूरा गर्नको निर्माण गरेका भौतिक र अभौतिक संस्कृतिहरूको योगलाई नै सस्कृति भनिन्छ । संस्कृति मानवद्वारा निर्मित एउटा महत्वपूर्ण निधि हो जसलाई एउटा पिंढीले अर्को पिंढीमा हस्तान्तरण गर्दै जान्छ । नेपाली संस्कृतिको कुरा गर्दा संसारमा भएका विभिन्न संस्कृति मध्ये यसको आफ्नै किसिमको पहिचान रहेको पाइन्छ । नेपाली संस्कृतिमा भएको धार्मिक, सांस्कृतिक तथा जातीय विविधता त्यस्तै धार्मिक, सांस्कृतिक तथा जातीगत एकताले गर्दा यो संसार भरी नै चिनिएको छ ।

नेपालमा भएका सांस्कृतिक सम्पदाहरूले नेपालको संस्कृति, प्राचीनकालदेखि नै पूर्ण रुपमा विकास भई सकेको कुरा पुष्टि गरेको छ । सांस्कृतिक सम्पदा भन्ने वित्तिकै मानवद्वारा निर्मित भौतिक तथा अभौतिक वस्तुहरूलाई बुझ्नु पर्ने हुन्छ जसले कुनै पनि समाज र संस्कृतिको पहिचान गराउने गर्दछन् । अर्को शब्दमा भन्ने हो भने मानवले आफ्नो समाजको विकासको क्रममा निर्माण गरेका कला, वास्तुकला, मौलिक परम्परा चाडपर्व, जात्रा, संस्कार, मानवीय जीवनशैली इत्यादिहरूलाई सांस्कृतिक सम्पदा भनेर भनिन्छ । मानवले आफ्नो सामाजिक, मांनसिक र धार्मिक आवश्यकताहरू पूरा गर्नको लागि बनाएको सानो सियोदेखि लिएर विशाल दरवार र परिवारमा सम्पन्न हुने सानो सानो पूजादेखि लिएर देशभरि सम्पन्न गरिने पूजा र समाजमा प्रचलित परम्परा, आस्था सवै सांस्कृतिक सम्पदाहरू हुन् । यस्ता सांस्कृतिक सम्पदाहरूबाट कुनै पनि देशको अतीत र वर्तमानको सामाजिक, धार्मिक र साँस्कृतिक पक्षको बारेमा थाहा पाउन सकिन्छ ।

नेपालमा भएका सांस्कृतिक सम्पदाहरू पनि नेपालीहरूले नेपाली समाज र संस्कृतिको विकासको क्रममा निर्माण गरेका हुन् । नेपालीहरूले नेपाली समाजको विकासको क्रममा निर्माण गरेका मन्दिर स्मारक, घर, मठ, गुम्बा, विहार, स्तूप, हस्तलिखित वंशावली तथा ग्रन्थ, स्वर्णपत्र, शिलापत्र, ताम्रपत्र, व्यक्तिले प्रयोग गरेका ढुङ्गा, काठ, माटो, हस्तीहाड, काँच, कपडा, कागज, धातुमूर्ति, देवी देवताको मन्दिर, सालिक, पौभाचित्र राजप्रासादमा उपयोग गरिएका वस्तुहरू, परम्परा, विश्वास, चाडपर्वहरू, मानवीय जीवन पद्धति कानून, आस्थाहरू नै नेपालका महत्वपूर्ण सांस्कृतिक सम्पदाहरू हुन् । नेपालमा भएका केही भौतिक सांस्कृतिक सम्पदाहरू नेपालको मात्र नभई संसारकै सम्पदा भईसकेका छन् । ती हुन काठमाडौं उपत्यकामा भएका सातवटा स्मारकहरू र लुम्बिनी क्षेत्र र यी ठाउँमा भएका सांस्कृतिक सम्पदाहरू यसरी नेपाल

सांस्कृतिक सम्पदाहरूको धनी देश हो भन्ने कुरा संसारको सबैभन्दा ठूलो मानवीय संगठन युनेस्कोले काठमाडौं उपत्यकाका सातवटा स्मारकहरू र लुम्बिनीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरेबाट थाहा हुन्छ ।

सांस्कृतिक सम्पदाहरूको चोरी निकासी नेपालको एउटा महत्वपूर्ण समस्या हो। यो समस्या नेपालमा मात्र नभइ संसारका विभिन्न राष्ट्रहरूमा पनि रहेको देखिन्छ । युनेस्कोको एउटा रिपोर्ट अनुसार चेक रीपब्लिकमा कूल सास्कृतिक सम्पदाको १० प्रतिशत एक वर्षमा चोरी भएको, यूक्रेनमा सन् १९९८ मा ८५० साँस्कृतिक वस्तुहरू चोरी भएको, टर्कीवाट ५६० जना चोरहरूबाट १०,००० सांस्कृतिक वस्तुहरू सन् १९९७ मा जफत गरिएको, जर्मनीमा सन् १९९८ मा २३४५ वटा सांस्कृतिक वस्तुहरू चोरी भएको, रशियाको राष्ट्रिय पुस्तकालयबाट ८९ दूर्लभ हस्तलिखित ग्रन्थहरू सन् १९९६ मा चोरी भएका, इराकबाट सन् १९९१ मा ४००० हजार भन्दा वढी सांस्कृतिक वस्तुहरू हराएको, ग्रीसबाट ९६१९ सांस्कृतिक वस्तुहरू सन् १९९८ हराएको, पेरुबाट १ लाख पुराना चिहानहरूमा भएका वस्तुहरू लुटिएको, बेल्जियमबाट ९५१९ सांस्कृतिक वस्तुहरू सन् १९९८ मा हराएको, अष्ट्रियामा ३६० वटा कलाकृतिहरू सन् १९९९ मा हराएका, ईटालीबाट २४५९८ कलाकृतिहरू सन् १९९९ मा हराएका, अष्ट्रेलियाबाट सन् १९९८ मा २०७४ कलाकृति हराएका, साईप्रसका विभिन्न चर्चहरूबाट १६००० मुद्राहरू हराएको र ईटालीमा १२०,००० कलाकृतिहरू ५ वर्षभित्रमा सुरक्षाकर्मीले जफत गरेको र त्यसै गरी बेलायतमा १९९५ मा त्यहाँको वीमा कम्पनीले करीव १ विलियन डलर रकम हराएका सांस्कृतिक सम्पदाहरूको वीमा रकम तिरेको थाहा पाइन्छ।[1] यसबाट संसारका विभिन्न क्षेत्रहरू पनि सांस्कृतिक सम्पदाहरूको गैर कानूनी रुपमा चोरी र निकासीको मारमा परेको देखिन्छ । सन् १९४५ मा संसारभरि शान्ति ल्याउनको लागि संयुक्त राष्ट्र संघको स्थापना भयो र यसको स्थापनाको साथसाथै यससँग सम्बन्धित सहायक संघ संस्थाहरू पनि विकास हुदै गए । यसै क्रममा युनेस्को नामक अन्तराष्ट्रिय संगठनको जन्म भयो जसको प्रमुख उद्देश्य संसारभरी छरिएर रहेका सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्नु थियो । यसले संसारभर गैर कानूनी रुपमा सांस्कृतिक सम्पदाहरूको ओसार पसारमा रोक लगाउनको लागि विभिन्न Conventions र Recommendations पास गरेको देखिन्छ। जसमध्ये २४ अप्रिल १९७२ देखि लागु भएको Convention On the Means Of Prohibiting And Preventing the Illicit Import Export And Transfer Of Ownership Of Cultural Property 14 Nov. 1970, Convention Concerning the Protection Of the World Cultural and Natural Heritage, 16 Nov. 1972, and Convention On Stolen Or Illegally Exported Cultural Object, Unidrit, 1995 महत्वपूर्ण मानिन्छन् । यस्ता Conventions हरूले विश्वभरि भएका सांस्कृतिक सम्पदाहरूको संरक्षण र सुरक्षा गर्नको लागि आवश्यक रकम संकलन गर्न महत्वपूर्ण विधानहरू बनाएको देखिन्छ। यसरी युनेस्कोले मानव निर्मित भौतिक र अभौतिक सांस्कृतिक सम्पदाहरूको संरक्षण र चोरी निकासीलाई रोक लगाउनको लागि महत्वपूर्ण भूमिका खेलेको पाईन्छ । यसका साथै इन्टरपोलले, विश्व भन्सार संगठनले र अन्तर्राष्ट्रिय संग्रहालयले समेत सांस्कृतिक बस्तुहरूलाई जोगाउन महत्वपूर्ण भूमिका खेलेको छ।

नेपाल सांस्कृतिक सम्पदाहरूको धनी देश हो तर यहाँ भएका सांस्कृतिक सम्पदा विभिन्न कारणले गर्दा खतराको स्थितिमा देखा परेका छन् । भौतिक तथा चल सम्पदाहरूको चोरी र यसको निकासीले भौतिक बस्तु, मन्दिर, विहारमा भएका वस्तुहरू विभिन्न राष्ट्रहरूमा पुगीसकेका छन् ।

नेपालमा सांस्कृतिक सम्पदाहरू चोरी हुने परम्परा कहिले देखि शुरु भयो स्पष्ट रुपमा भन्न सकिदैन तर सांस्कृतिक सम्पदाहरू चोरी हुने गरेको तथ्य जयस्थिति मल्लको पालादेखि मात्र थाहा पाइन्छ । उनको समयमा पशुपतिको भण्डारमा भएका विभिन्न वस्तुहरू चोरी भएका थिए। पछि जयस्थिति मल्लले पाटनका सम्पूर्ण चोरहरूलाई पक्री २ जना चोरलाई मृत्युदण्ड दिएको थाहा पाइन्छ ।[2]

यसबाट नेपालमा सांस्कृतिक सम्पदाहरू चोर्ने व्यक्तिहरूलाई कडा सजाय थियो भन्ने कुरा थाहा पाइन्छ । मध्यकालमा र शुरुको आधुनिक कालमा सांस्कृतिक

१. No illicit Traffic in Cultural Property, UNESCO, International Standred Unit, Division of Cultural Heritage, Paris.

२. Sukra Sagar Shrestha, presented in a symposium on the illicit Traffic in cultural Property "A Threat to the Cultural Heritage and Tourism of Nepal" Unpublished Paper.

सम्पदाहरूको महत्व र तिनीहरूको सांस्कृतिक मूल्य थाहा नभएको हुदा र सांस्कृतिक सम्पदा विदेश लान नदिने कुनै पनि कानून नभएको हुँदा एकीकरण पछि आउने विभिन्न विदेशी व्यक्तिहरूले हजारौको संख्यामा हाम्रा सांस्कृतिक सम्पदाहरू लगेका छन्। William Kirk Patrick भन्ने व्यक्ति बहादुर शाहको पालामा तिब्बत जाने बाटोको सर्भे गर्न आएका थिए र उनले आफू फर्किदा प्रशस्त संख्यामा मूर्तिहरू, हस्तलिखित ग्रन्थहरू, कलाका विभिन्न नमूनाहरू लगेका थिए जुन अहिले ब्रिटिश संग्रहालयमा छन्। त्यसै गरी B. Hodgson भन्ने व्यक्तिले पनि प्रशस्त संख्यामा हस्तलिखित ग्रन्थहरू, नेपालभन्दा बाहिर लगेको थाहा पाइन्छ। नेपालका प्रसिद्ध संस्कृतिविद् सत्यमोहन जोशीले हड्सनले लगेर विभिन्न देशहरूलाई दिएको सूची आफ्नो पुस्तकमा दिएका छन्। जस अनुसार १७९ हस्तलिखित ग्रन्थ एशियाटिक सोसाइटी बंगाललाई, ८५ पोका हस्तलिखित ग्रन्थ एशियाटिक सोसाइटी लण्डनलाई, ३० पोका हस्तलिखित ग्रन्थ भारतीय पुस्तकालय लण्डनलाई, ७ पोका अक्सफोर्ड विश्व विद्यालयलाई र १७४ पोका पेरिसको Bibliothec Nationale संग्रहालयलाई दिएको थाहा पाइन्छ।[३]

माथिको वर्णनबाट स्पष्ट रुपमा यस्ता हजारौं सांस्कृतिक सम्पदाहरू विभिन्न देशमा पुगेको थाहा पाइन्छ। जसको हामीसँग कुनै पनि रिकर्ड छैन। एकीकरण पछिदेखि लिएर नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना सम्म यहाँ आउने विदेशीहरूले प्रशस्तको संख्यामा सांस्कृतिक सम्पदाहरू लगेर गए होलान् भनेर अनुमान गर्न सकिन्छ। वि.सं. २००७ सालको प्रजातन्त्रको स्थापना पछि देश निर्माणको लागि विभिन्न किसिमका नीति नियमहरू तर्जुमा गरियो। यसै क्रममा वि.सं. २००९ सालमा पुरातत्व विभागको स्थापना गरियो जसको प्रमुख उद्देश्य अधिराज्यभरि छरिएर रहेका प्राचीन सम्पदाहरूको संरक्षण, सुरक्षा, प्रस्तुति, प्राचीन स्मारकहरूको जीर्णोद्धार गर्ने, उत्खनन् गर्ने, उत्खनन्का लागि स्वीकृति दिने र एक ठाउँबाट अर्को ठाउँमा लान सकिने सांस्कृतिक सम्पदाहरू वाहिर लान र ल्याउन नियन्त्रण गर्नु थियो। पुरातत्व विभागलाई एउटा सशक्त संगठनको रुपमा विकास गर्नको लागि वि.सं. २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन लागु गरियो जसमा देशमा भएका सांस्कृतिक सम्पदाहरूको संरक्षण सुरक्षा र विकासको लागि चाहिने नीति नियमहरूको स्पष्ट रुपमा उल्लेख भएको पाइन्छ। प्राचीन स्मारक ऐन २०१३ लागु भएपछि केही हदसम्म प्राचीन सांस्कृतिक सम्पदाहरूको सुरक्षा भयो। तर यसैबेला सन् १९५० पछि नेपाल बाहिरी संसारको लागि खुल्यो हजारौंको संख्यामा विदेशी पर्यटकहरू नेपाल आउन थाले। पर्यटकहरूको आगमनले गर्दा नेपाल भित्र भएका सांस्कृतिक सम्पदाहरू विदेशीन थाले। यसै क्रममा सन् १९७० मा पुरातत्व विभाग अन्तर्गत क्यूरियो जाँचपास उपशाखाको स्थापना गरियो। जसबाट नयाँ सयवर्ष ननाघेका हस्तनिर्मित वस्तुहरू नेपालभन्दा बाहिर पठाउन यस शाखाबाट स्वीकृति लिई लाहा छाप लगाउनु पर्ने व्यवस्था गरियो। पुरातत्व विभागको स्थापना भई सकेपछि पनि विशेष गरी साठी देखि अस्सीको दशकमा प्रशस्तको संख्यामा सांस्कृतिक सम्पदाहरू चोरी भए र विदेशीए। अस्सीको दशकमा प्रहरीको प्रयासबाट ८५७ पुरातात्विक र सांस्कृतिक वस्तुहरू समातिए र ती वस्तुहरूको पुरातात्विक महत्व खुलाउन र मूल्य तोक्न पुरातत्व विभागमा पठाइएको पाइन्छ। जसमध्ये २९८ वस्तुहरू पुरातात्विक महत्वका भएको पाइयो र ५५९ वस्तुहरू पुरातात्विक महत्वको नभएको ठहरियो। यस तालिकाबाट अस्सीको दशकका पनि सांस्कृतिक सम्पदाहरूको ओसार पसार गर्ने परम्परा कायम रहेको देखिन्छ। जसलाई केही हदसम्म सुरक्षा निकायहरूबाट नियन्त्रण गर्ने प्रयास भएको पाइन्छ। तैपनि प्रहरी, पुरातत्व विभाग र प्रशासनका अन्य निकायहरूबाट प्रयास हुँदाहुदै पनि साठीदेखि अस्सीको दशकमा हराएका केही महत्वपूर्ण साँस्कृतिक वस्तुहरू आजसम्म पनि भेटाउन सकिएको छैन। अस्सीको दशकको तुलनामा नब्बेको दशकमा सांस्कृतिक सम्पदाहरू चोरी हुने क्रम घटेको पाईन्छ। यस दशकमा ४९२ सांस्कृतिक सम्पदाहरू समातिएको देखिन्छ। ती मध्ये १०७ वटा वस्तुहरू पुरातात्विक महत्वका देखिन्छन् भने ३८५ वटा वस्तुहरूको पुरातात्विक महत्व रहेको देखिदैन।[४] अस्सी र नव्वेको दशकको तुलनामा हालका सालहरूमा सांस्कृतिक सम्पदाहरू कम मात्रामा चोरी भएका छन्। तर पूर्ण रुपमा चोरी निकासी भने कम भएको देखिदैन। यसरी

३. ऐजन, पृष्ठ १० ।

४. Recovered Images of Nepal, Department of Archaeology, 2062 BS,Kathmandu.

नेपालबाट सांस्कृतिक सम्पदाहरू पूर्ण रुपमा चोरी निकासी हुनबाट रोकिएका छैनन् ।

प्राचीन स्मारक संरक्षण ऐन २०१३ (संशोधन सहित) मा कुनै पनि आधुनिक कालमा निर्माण गरिएका कलाकृतिहरू विदेश लानको लागि पुरातत्व विभागमा नयाँ हो भनी प्रमाणित गर्न ल्याउनु पर्ने हुन्छ र यो कुरा स्पष्ट रुपमा ऐनमा परेको छ। प्राचीन स्मारक संरक्षण ऐन २०१३ (संशोधन सहित) को दफा १३ मा प्राचीन वस्तुहरूको ओसार-पसार गर्न देश वाहिर मात्र नभई देश भित्र समेत पूर्ण रुपमा निषेध गरिएको छ। तर यस ऐनमा विक्री गर्ने प्रयोजनको लागि उत्पादन गरिएको क्यूरियो वस्तुको ओसार पसार गर्न पुरातत्व विभागको स्वीकृति लिई पठाउने व्यवस्था छ।[५] क्यूरियो वस्तु भन्नाले सय बर्ष ननाघेका हस्तनिर्मित वस्तु भनेर बुझ्नु पर्ने हुन्छ। क्यूरियो वस्तु वाहेक कुनै पनि अन्य वस्तु पुरातत्व विभागको स्वीकृति विना स्थानान्तर गरेमा त्यस्तो वस्तु लाने र ओसार-पसार गर्ने व्यक्तिलाई प्रहरीद्वारा समाती उसबाट प्राप्त भएको बस्तुको तिथि र मूल्य निर्धारण गर्नको लागि पुरातत्व विभागमा पठाइन्छ। पुरातत्व विभागले प्रहरीद्वारा पठाइएको वस्तुको अध्ययन गरी तिथि निर्धारण र मूल्य तोकी प्रतिवेदन तयार पारी पठाउँदछ। तिथि निर्धारण गर्नको लागि र मूल्य निर्धारण गर्नको लागि कुनै पनि पुरातात्विक वस्तु सय वर्ष नाघेको हुनु पर्छ। सय वर्ष ननाघेको वस्तुको तिथि निर्धारण र मूल्य तोक्ने काम विभागबाट हुदैन । तिथि निर्धारण गर्न र मूल्य तोक्नको लागि विभागमा एउटा कमिटी छ जसको अध्यक्ष विभागको उप-महानिर्देशक रहने व्यवस्था छ र विभागका वरिष्ठ पुरातत्वविद्हरू यस कमिटीका सदस्य हुन्छन्। यस कमिटीले मूर्तिको तिथि निर्धारण र मूल्य तोक्ने काम गर्छ।

प्रहरीद्वारा तिथि निर्धारण गर्न पठइएको वस्तु सयवर्ष नाघेको भएमा प्राचीन स्मारक संरक्षण ऐन २०१३ (संशोधन सहित) को दफा १३ अनुसार त्यस्तो वस्तु चोर्ने व्यक्ति कसुरदार ठहरेमा २५ हजार रुपियाँ जरिवाना वा ५ वर्ष कैद वा दुवै हुने व्यवस्था छ[६] भने प्राप्त वस्तु जफत गरी संग्रहालयमा राख्न पठाइन्छ। यदि कुनै वस्तु सय वर्ष भन्दा कमको देखियो भने त्यस्तो अवस्थामा कसुरदारले मुलुकी ऐन २०२० अनुसारको सजाय पाउछ। यसरी प्राचीन स्मारक संरक्षण ऐनमा सांस्कृतिक सम्पदाहरूको गैर कानूनी रुपमा चोरी निकासी गर्नेलाई कडा सजायको व्यवस्था भए तापनि चोरी निकासी गर्ने क्रियाकलाप भने कम हुन सकेको छैन यसरी सांस्कृतिक सम्पदाहरूको चोरी निकासी रोक्नको लागि विभिन्न कानूनी व्यवस्था भएतापनि चोरी निकासी नरोकिने विभिन्न कारणहरू देखिन्छन् । ती हुन्:-

१) देशका जनतालाई सांस्कृतिक सम्पदाहरूको बारेमा ज्ञान नहुनु ।
२) अशिक्षा
३) वेरोजगारी
४) स्थानीय मानिसहरूको उदासीनता
५) सांस्कृतिक सम्पदाहरू चोर्ने व्यक्तिलाई विभिन्न कारणले सजाय नपाउनु
६) सांस्कृतिक सम्पदा सम्बन्धी उचित शिक्षाको अभाव ।
७) सरकारी कार्यालयहरू बीचमा समन्वयको कमी ।
८) छोटो समयमा धेरै धनराशी कमाउने चाहना ।
९) गरीवी
१०) उचित रेकर्ड व्यवस्थाको अभाव
११) सांस्कृतिक सम्पदाहरूको महत्ववारे प्रचार-प्रसारको अभाव ।

यसरी माथि उल्लेखित विविध कारणले नेपालबाट सांस्कृतिक सम्पदाहरू चोरी भई निकासी भएको देखिन्छ । माथि उल्लेखित समस्याहरूको समाधान गर्न सकियो भने मात्र नेपालबाट गैर कानूनी रुपमा निकासी हुने सांस्कृतिक र पुरातात्विक वस्तुहरूलाई संरक्षण र सुरक्षा प्रदान गर्न सकिन्छ। यदि नेपालबाट सांस्कृतिक सम्पदाहरूको गैर कानूनी रुपमा निकासी पैठारी रोक्न चाहने हो भने सर्वप्रथम देशका विभिन्न भागमा बसोबास गर्ने मानिसहरूलाई सांस्कृतिक सम्पदा भनेको के हो भनेर यसको वारेमा उचित शिक्षा प्रदान गर्नु पर्ने हुन्छ। विशेष गरी सांस्कृतिक सम्पदाहरू भएको क्षेत्रमा वसोवास गर्ने मानिसहरूलाई यसको ज्ञान हुनु अति आवश्यक देखिन्छ। साथै सांस्कृतिक सम्पदाको समाज, राष्ट्र र विदेशमा समेत के महत्व हुन्छ त्यस सम्बन्धमा पनि स्थानीय मानिसहरूलाई जानकारी गराउनु पर्ने हुन्छ । सांस्कृतिक सम्पदा संरक्षण

५. Ancient Monument Act 2013

६. ऐजन

गर्नको लागि यस सम्बन्धी शिक्षा स्कूल र कलेज स्तरको पाठ्यक्रममा समावेश गर्नुपर्ने हुन्छ । जसले नयाँ पिंढीलाई हाम्रा सांस्कृतिक सम्पदाहरू के के हुन् र तिनीहरूको के महत्व छ भनेर जान्न सहयोग पुऱ्याउँछ । साथै सांस्कृतिक सम्पदाहरू भएको क्षेत्रमा बसोवास गर्ने मानिसहरूको उदासीनताले पनि हाम्रा सांस्कृतिक सम्पदाहरू हराई राखेका छन् । स्थानीय मानिसहरूलाई सांस्कृतिक सम्पदा प्रति मोह जगाउनु पर्ने पनि देखिन्छ । साथै बेला बेलामा विभिन्न शिक्षा मुलक कार्यक्रम पनि आयोजना गर्नु पर्ने देखिन्छ र स्थानीय व्यक्तिहरू मध्येबाट एउटा सम्पदा संरक्षण कमिटी गठन पनि गर्न सकिन्छ। पाटन, भक्तपुर र काठमाण्डौंमा केही संगठनहरूले सांस्कृतिक सम्पदाहरूको संरक्षण र सुरक्षा पहिचान र प्रचार प्रसारको लागि महत्वपूर्ण भूमिका खेलेका छन् । यस्ता संघ, संस्था र संगठनहरूलाई पनि सरकारी स्तरबाट पनि प्रोत्साहन हुनुपर्ने देखिन्छ । साथै सांस्कृतिक वस्तुहरू चोरी निकासीमा संलग्न व्यक्तिलाई कडा भन्दा कडा सजायको व्यवस्था हुनुपर्छ र चोरले सजाय अनिवार्य रुपमा पाउनु पर्छ । तव मात्र सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्न र सुरक्षा गर्न सकिन्छ । पुरातात्विक ऐतिहासिक र धार्मिक महत्वका वस्तुहरूको गैर कानूनी रुपमा भइ राखेको ओसारपसारलाई रोक्नको लागि पुरातत्व विभाग, भन्सार कार्यालय, प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान शाखा र अदालतवीच परस्पर राम्रो सम्बन्ध हुनुपर्छ र सांस्कृतिक सम्पदाहरूको संरक्षण र सुरक्षाको लागि नीति नियमहरू बनाउँदा सम्बन्धित सरकारी संस्थाहरू र स्थानीय व्यक्तिहरूको सहभागिता पनि अनिवार्य देखिन्छ । साथै सवैले आफ्नो कार्य क्षेत्रको काम छिटो छरितो र इमान्दारीपूर्वक गरेमा सांस्कृतिक सम्पदाहरूको चोरी निकासीमा रोक लगाउन सकिन्छ । छोटो समयमा धेरै धन कमाउने चाहनामा पनि सांस्कृतिक सम्पदाहरूको चोरी हुने र निकासी हुने कारण हो । साथै देशभरि भएका पुररातात्विक ऐतिहासिक र धार्मिक सांस्कृतिक स्थलहरूको रेकर्ड नहुनाले सांस्कृतिक सम्पदाहरू लोप भई हराई राखेको देखिन्छ । यसको लागि देशमा भएका सांस्कृतिक सम्पदाहरूको रेकर्ड, राख्नु पर्ने र सवै सांस्कृतिक सम्पदाहरूको फोटो खिच्नुपर्ने देखिन्छ, तव मात्र हाम्रा देशका सांस्कृतिक सम्पदाहरू संरक्षण र सुरक्षा गर्न सकिन्छ । यदि अझै पनि सांस्कृतिक सम्पदाहरूको चोरी निकासी रोक्न सकिएन भने एक दिन नेपालीले आफ्नो देशको अतीतको संस्कृति र सांस्कृतिक सम्पदाहरू हेर्न वेलायत, फ्रान्स र अमेरिकाका विभिन्न संग्रहालयहरूमा जानु पर्ने हुन्छ ।

यसरी संसारभरि नै सांस्कृतिक सम्पदाहरूको संरक्षण र सुरक्षाको लहर चलेकै बेला सन् १९९० को दशकमा नेपालभन्दा वाहिर पुगेका केही सांस्कृतिक र पुरातात्विक वस्तुहरू फिर्ता भएका छन् । ती हुन् वि.सं. २०५२ सालमा वेलायतबाट प्राप्त १ थान हस्तलिखित ग्रन्थ र १६ वटा मूर्तिहरू तथा त्यसका टुक्राहरू । यी सामानहरू हिथ्रो विमान स्थलबाट बरामद गरी Interpol ले नेपाल पठाएको थियो । त्यसै गरी वि.सं. २०५६ सालमा अमेरिकाबाट ४ वटा मूर्तिहरू फिर्ता पठाइए । यसरी विदेशीएका मूर्तिहरू नेपाल फर्किनाले सांस्कृतिक सम्पदाहरूको सुरक्षा र संरक्षणको लागि एउटा नयाँ दिशा प्रदान गरेकै छ । हालसालै पाटनबाट हराएको दीपंकर बुद्धको मूर्ति अष्ट्रियाको भियानामा फेला परेको र वि.सं. २०६० सालमा नेपालमा फकाई सकिएको छ । यसरी नब्बेको दशकदेखि सांस्कृतिक सम्पदाहरू फिर्ता गर्ने लहर पनि शुरु भएको देखिन्छ । जसले भविष्यमा हुने चोरीलाई रोक लगाउन ठूलो सहयोग पुऱ्याउने छ । नेपालभित्र पनि प्रहरीद्वारा गरिएको प्रयासले गर्दा केही सांस्कृतिक सम्पदाहरू फेलापर्न थालेका छन् । ती मध्ये वि.सं २०३७ सालमा राष्ट्रिय संग्रहालयबाट हराएको फारसी भाषामा लेखिएको शाहानामा ग्रन्थ हो । यसले प्रहरीको क्षमतालाई समेत पुष्टि गरेको छ । साथै प्रहरीको प्रयासबाट काठमाडौं उपत्यकाका विभिन्न ठाउँबाट चोरी भएका मूर्तिहरू पुनः पत्ता लगाई पुनः स्थापना गर्ने काम पनि भई राखेको छ । यसरी सांस्कृतिक सम्पदाहरूको चोरी निकासी र पैठारी ९० को दशकमा भन्दा हालको दशकमा कम भएतापनि चोरीनिकासी गर्ने कार्य रोकिएको छैन । यसको पूर्ण रुपमा रोकथामको लागि पुरातत्व विभाग, भन्सार विभाग, प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान शाखा, अदालतहरू र स्थानीय जनताहरू बीच निरन्तर रुपमा अन्तरक्रिया र आपसी सहयोग हुनु अति आवश्यक भएको तथ्य महशुस गरिएको छ । यदि सांस्कृतिक सम्पदाहरूको सुरक्षा र संरक्षण गर्न सकिएन भने हाम्रा पूर्खाले निर्माण गरेका अद्वितीय सम्पदाहरू विश्वका विभिन्न संग्रहालय र धनी मानिसको घरको शोभा बन्नेछन् ।

# संस्कृति एवं ऐतिहासिक धरोहरको प्रतिमूर्ति : काणाँमालिका

**डा. इन्दीरा जोशी**
**सह-प्रा. पाटन संयुक्त क्याम्पस**

डोटी जिल्लाको काणाँमाडी गा.वि.स को पटकानी टोलमा अवस्थित देवीलाई त्यहाँको प्रचलनअनुसार काणाँमालिका देवी भनी पुकारिन्छ। यिनी नै दुर्गा भवानी मध्येकी एक हुन् भन्ने विश्वास त्यहाँका जनमानसमा रहेको छ। डोटी जिल्ला नेपालको ७५ जिल्लामध्येको एक हो। नेपाल अधिराज्यको सुदूरपश्चिम क्षेत्र सेती अञ्चलमा डोटी जिल्ला पर्दछ। सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम दिपायल यसै जिल्लामा पर्दछ। अधिकांश पहाड र उपत्यकाले भरिएको षेटी हिमशृङ्खलाभन्दा दक्षिणमा पर्दछ। यसको पूर्वमा साफा गाढ चौखुट्याको लेकपश्चिममा सेती नदीको घनघारको डाँडो र पूजारी खोलो उत्तरतर्फ ताम्रोश्वर लेक र खप्तडलेक तथा दक्षिणतर्फ ठूलीगाढ मुहानको वन डाँडासम्म फैलिएको छ। भौगोलिक रुपमा डोटीलाई लेकाली, पहाडी र उपत्यका गरी तीन भागमा विभाजन गर्न सकिन्छ। अधिकांश भागमा मानव वस्तीरहेको डोटी जिल्ला उत्तरदक्षिण फैलिई पूर्व ढल्कि बसेको छ।

## डोटीको नामाकरण

नेपाल एकीकरण पूर्व डोटी राज्य बाइसी समूहमध्येको एक शासक राज्यको रुपमा थियो। कर्णाली प्रस्रवर्ण क्षेत्रअन्तर्गत डोटी राज्यलाई वि.सं. १८४७ मा सेनानायक सरदार अमर सिंह थापाले युद्धद्वारा नेपाल अधिराज्यमा समाहित गराएका थिए।[1] संस्कृतको "देवाटवी" को अर्थ देवताको निवास गर्ने स्थल या वन या प्रदेश हो। देवको देउर चौ भयो "वी" को "व" को लोप भई शेष रहेको "ई" मा "ट" संयुक्त हुन गई "टी" वन्न पुग्यो अर्थात "चौती" भयो र कालान्तरमा त्यही शब्द डोटी भएको हो भन्ने प्रसङ्ग पाइन्छ।[2] प्राग प्राग ऐतिहासिक कालदेखि नै डोटी क्षेत्र पावन एवं देवभूमिको रुपमा पुजिएर रहेको कुरा पाइन्छ। डोटीको पाखा, पर्वत, कुना, कन्दरा, डाँडा, भञ्ज्याङ्ग, नदीनाला, खहरे, धारा, पँधेरा, भीर, रुख, वन, जङ्गलमा स्थानीय देवदेवीहरू वस्तछन् भन्ने विश्वास गरिन्छ। "पहाड पूँजी खानु, माल जुजी खानु"[3] भन्ने प्रचलित उखानले पनि डोटी देवस्थल भएको सङ्केत गर्दछ। यसरी "देवाटवी" लाई डोटी शब्दको जननी मान्न सकिन्छ।

## डोटी राज्यको ऐतिहासिकता

डोटीको पौराणिक कालमै भएको कुरा दिल्पेश्वर पुरण खेचरादी, सीतानदी, मालिका देवी, बुढीगंगा र धार्मिक महतवका अन्य केही स्थानहरूको उल्लेखबाट पनि प्रमाणित गर्न सकिन्छ।[4] प्राचीनकालदेखि नै नै डोटी क्षेत्रमा शासक र जनताले विभिन्न देवीदेवताको स्थापना, उपासना, आराधना र पूजाआजा गरिआएको तथ्य पाइन्छ। शैलेश्वरी, भैरव, कृष्ण, तोडी, र घण्टेश्वर महादेव जस्ता देवी, देवताको मन्दिरहरू डोटीमा स्थापित भएको छ। त्यसरी स्थापित भएका उक्त मन्दिरमा पूजा, पाठ र अर्चनाहरूको व्यवस्था व्यवस्थित तवरले हुँदै

१. इन्दीरा जोशी, आधुनिक नेपालको निर्माणमा वडाकाजी अमरसिंह थापाको योगदान, (काठमाडौं: इन्दीरा जोशी, २०५७), पृ. १६-१७।

२. देवकान्त पन्त, डोटेली लोकसाहित्य, (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि. २०३२), पृ. १२-१३।

३. "डोटेली समाज", देवाटवी, वर्ष १, अङ्क १, (काठमाडौं : डोटेली समाज, २०४७), पृ. (क)।

४. राजाराम सुवेदी, कर्णाली प्रदेशमा मध्यकालीन डोटी राज्य, (भोजपुर: श्री रणबहादुर वान्तवा राई र श्री दुर्जकुमार राई, २०५६), पृ. २५।

अएको कुराको वर्णन विभिन्न श्रोताहरूबाट स्पष्ट हुन्छ । साथसाथै हालको डोटी प्रदेश पनि पुरानो खस भूमि भएको प्रसङ्ग भेटिन्छ ।[४] यो जाति नेपालको अति प्राचीन जाति मानिन्छ । यसैबाट पनि डोटीको प्राचीनताको अनुमान गर्न सकिन्छ ।

लिच्छवीकालमा नेपालबाट विदेशमा निकासी हुने वस्तुहरू कस्तुरी, चमर र उनहरू हुन् । यी वस्तुहरू उत्पादन गर्ने थलोको रुपमा कर्णाली प्रदेशलाई मानिथ्यो । अब लिच्छवीकालमा नेपालको सिमाना कर्णाली प्रदेशसम्म भएको कुरा अनुमान गर्न सकिन्छ ।

लिच्छवीहरूको पतनपछि केन्द्रको शासनमा कमजोरी आउन थाल्यो, राजधानीदेखि टाढाका प्रदेशलाई केन्द्रका शासकहरूले नियन्त्रणमा राख्न नसक्नाले गण्डकी प्रस्रवण क्षेत्र र कोशी प्रस्रवण क्षेत्रभन्दा टाढाका प्रदेशमा केन्द्रको अधिकार छुट्दै गयो । त्यस्बेला कर्णाली प्रस्रवण क्षेत्रमा अर्को बलियो खस राज्य खडा भयो ।[६] खस राज्यले गण्डकी प्रदेश कर्णाली प्रदेश, खारी प्रदेश, केदारखण्ड (कुमाऊँ, गढवाल) र लद्दाखसमेतको विस्तृत भू-भाग ओगटेकाले आफ्ना अन्तर्गतका क्षेत्रहरूमा विकेन्द्रित शासन प्रणाली अपनाएको थियो सामन्तहरूलाई नै स्थानीय क्षेत्रको प्रशासन चलाउने अधिकार सुम्पिएको थियो । परन्तु खसराजवा पृथ्वी मल्लको शासनकालको अन्त्यतिर विशाल खस राज्यलाई चुनौती आयो । कुमाऊँ, गढवाल र तिब्बत राज्यहरू खस राज्यको अधितनाबाट मुक्त भई स्वतन्त्र राज्यको रुपमा विकसित हुँदै गए । यी चुनौतीलाई हाँक्न नसक्नाले क्रमशः खस साम्राज्यको विघटन प्रारम्भ भयो । यसै क्रममा ई. १३५४ मा नीरयपालले सिंजाको केन्द्रीय सत्ताको विरुद्धमा विद्रोह गरी स्वतन्त्र डोटी राज्यको स्थापना गर्ने कोशिस गरे ।[७] यतिबेला डोटीको विद्रोहको प्रयासलाई केही वर्षका लागि विफल तुल्याइयो तापनि ई. १३८९८ मा निरयपालका छोरा नाग मल्ल डोटीका ऐतिहासिक प्रामाणिक राजाको रुपमा देखापरेको हुँदा त्यही बेला डोटी स्वतन्त्र राज्यको रुपमा स्थापित हुन पुग्यो भन्ने अनुमान गर्न सकिन्छ । यसरी क्रमशः पश्चिम नेपालको विशाल खस साम्राज्य खण्डित हुँदै कर्णाली प्रस्रवण क्षेत्रमा स-साना राज्यहरूको उदय हुनपुग्यो । यिनको संख्या २२ पुग्यो । यस क्षेत्रलाई बाइसी राज्य भनिन थालियो । यही बाइसी राज्यमध्येको एउटा प्रभावशाली राज्य डोटी थियो ।

## स्वतन्त्र डोटी राज्य र यसका शासकहरु

बाइसी राज्यहरूमा सर्वप्रथम स्वतन्त्र राज्य हुने श्रेय डोटीले पाएको थिये र सुरुमा त्यहाँका शासकहरू कत्युरी वंशीय पाल थिए । त्यसपछि क्रमशः मल्ल र शाही हुँदै राज्य गर्न थोका उल्लेख पाइन्छ ।[८] त्यहाँका राजाहरूलाई "रैका" पनि भनिन्थ्यो । "रैका" को अर्थ श्रेष्ठ वा जेष्ठ हुन्छ । जुम्ली सिंजा नागवंशीय राजाबाट निरयपाललाई उकुमा भन्ने ठाउँको रजवारी दिएर पठाएका थिए । "राइका" भन्ने जेठो रजवारी निरञ्जन पाललाई दिएका हुनाले उनका शाखालाई "रैका" भन्न थालिएको हो भन्ने उल्लेख पाइन्छ ।[९] "राइका" भन्ने शब्द सर्वप्रथम डोटीमा प्रचलित हुनथालेको र कत्युरीराज परम्परामा "रैका" उपाधि एउटा महत्वपूर्ण राज उपाधिको रुपमा प्रचलित हुनपुगेको स्पष्ट हुन्छ ।[१०] डोटीको प्रभाव अल्मोडा र गढवालका चन्द राजाहरू बाहेक अन्य सवै छिमेकी राज्यहरूमा फैलिएको थियो । छिमेकी राज्यका राजाहरूले डोटीका राजालाई "रैका" कर बुझाउन पर्दथ्यो । हिमाली राज्य डोटी सम्पन्न तथा सीमाविहीन थियो । यसको सम्पनाता देखेर भारतका मुश्लिम सुल्तानहरूले दुई पटकसम्म डोटी राज्यमा आक्रमण गरी सम्पत्रि लुट्ने प्रयास गरेका थिए भन्ने

---

५. देवीप्रसाद ओझा, डोटी क्षेत्रको इतिहास तथा संस्कृति , (महेन्द्रनगरः सुदूरपश्चिमाञ्चल सामाजिक सेवा तथा अनुसन्धान समिति, २०४९), पृ. ३ ।

६. धनवज्र वज्राचार्य, "कर्णाली प्रदेशको ऐनिहासिक रुपरेखा", कर्णाली प्रदेशको एक विटो अध्ययन, सं. भीमप्रसाद श्रेष्ठ (जुम्लाः भीमप्रसाद श्रेष्ठ, २०२८), पृ. १२-१३ ।

७. सूर्यमणि अधिकारी, पश्चिम नेपालको खस अधिराज्य, (काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., २०५३), पृ. १२-१७ ।

८. ऐजन, पृ. ५९-६० ।

९. सुवेदी, टिप्पणी संख्या ४ ।

१०. ओझा, टिप्पणी संख्या ५, पृ. ६४ ।

प्रसङ्गले डोटीको सम्पन्नतालाई स्पष्ट गरिदिन्छ ।[११] यसप्रकार सँग डोटी राज्यले अनेक किसिमका आरोह अवरोह बेहोर्दे आफ्नो राज्यको इतिहास कायम गर्न सफल भएको थियो । डोटी राज्य नेपालमा विल हुनु पूर्व आन्तरिक कलह र बाह्य आक्रमणबाट खण्डित हुन पुगि कमजोर एवं सानो आकारको रुपमा कायम हुन पुगेको थियो । वि.सं. १८४७ मा डोटी राज्य नेपालमा समाहित भएको थो । तयसपछि केन्द्रबाट प्रशासक तथा सैनिक अधिकारीलाई खटाई प्रशासन संचालन गरेको पाइन्छ ।

## काणाँ मालिकाको विवरण

बाह्रा भाइ मस्टा देवताको नैवटी बहिनीमध्येकी नौ दुर्गा भवानी मानिने काणाँमालिका देवी समस्त खस समुदायकी आराधयदेवी, कुलदेवी ठानिन्छिन् । डोटी जिल्ला अनेकौ देवदेवीहरूको स्थानले भरिभराउ भएको कुरा अगाडि नै उल्लेख भइसक्यो । डोटी जिल्लाको सिलगढी बजारदेखि ६ कोष पूर्व काणाँमाडौ खिरसैन गा.वि.स. को वडा नं ४ तले फूलोट पटकानी टोलमा काणाँमालिका देवीको मन्दिर छ । बाजुरास्थित बडीमालिकाको नाउँबाट नै काणाँमालिका स्थान नामाकरण गरिएको भन्ने प्रसङ्ग भेटिएको छ ।[१२] परापूर्वकालमा नवदुर्गा भवानी र बाह्रभाइ मस्टाको बीच आपसी मद्दतबाट सपादलक्ष्यशिखरी साम्राज्य (१,२५,०००) पहाडमा धार्मिक क्रियाकलाप व्याप्त थियो । त्यतिवेला दुर्गा भवानीको रुपमा अनेक देवीहरू प्रकट भए । तीमध्ये सबैभन्दा जेठी र ठूली देवीलाई सम्मानपूर्वक डीमालिका भनियो । यिनले अवतार लिँदा ठाउँ-ठाउँमा बासबसी बाजुरा पुगेको वर्णन डोटीमा प्रचलित फागहरू र अन्य स्रोतहरूमा पाइन्छ ।[१३] उनी जहाँ जहाँ-जहाँ बास बसिन् ती-ती ठाउँमा तीर्थस्थलका रुपमा गणना भए । काणाँमालिका पनि त्यस्तै बासमध्येको एउटा बासस्थल हो । अनादिकालबाटै श्री मालिकामाडौं काणाँ गाउँमा थियो । बडीमालिकाको तीर्थाटनमा जाने दल एकरात त्यहाँ नै बास बस्ने प्रचलन भएको उल्लेख पाइन्छ । बाजुराकी बढी मालिकासम्म पुगी दर्शन, पूजा र अर्चना गर्न जो मानि सक्दैनन् । उनीहरूले काणाँमालिका पुगी आराधना तथा अनुष्ठान गरे बडीमालिकामा पुगजत्तिकै फल प्राप्त गर्दछन् । अर्थात् बडीमालिकाको प्रतिनिधिको रुपमा काणँमालकालाई सम्मान दिएको भन्ने अनुमान गरेको बुझिन्छ ।[१४] मालिका देवीको महिमा सर्वश्रेष्ठ, भवानीको प्रिय, लोकको कल्याण गर्ने र मोक्ष दिने दवीको रुपमा वर्णित भएको पाइन्छ । यस्ती श्रेष्ठ देवीको वासस्थान डोटी नजिकै बाजुरामा भयो । त्यस ठाउँमा जानका लागि डोटी भएरै जानु पर्दथ्यो । अतयब यी दुवै क्षेत्रको महत्व एक अर्कोसित अन्योन्याश्रित भएको पाइन्छ ।

## उत्पत्ति र स्थापना

परापूर्वकालमा सिजाँ राजाका समयमा काणाँमाडौं भन्दा उत्तरतर्फ राई सल्लाको बोटमुनि कुशको झ्याङ थियो । त्यहा वटालाहरू बसोबास गर्दथे । एकजना वटाला थर भएका बढा मानिस शीतल ताप्ने निहुँमा रुखमुनि निदाएछन् । ब्यूँझदा उनको आँखा रुखको झ्याङमुनि कुशले छोपेको निलो आकाशे रङ्गका शिलामाथि परेछ । सो शिला आफूलाई काम लाग्ने ठानी हल्लाएछन् । तर शिला हल्लेन र घरबाट बाउसो ल्याँ कुशको जरा खेसेर शिला (ढुङ्गा) झिक्न खोज्दा अर्को शिला पनि साथै फेला पऱ्यो । यी दुवै झिकी हेर्दा एउटामा देवी (नवदुर्गा) र अर्कोमा गणेशमो मूर्ति कुदिएको देखियो । देवी र गणेशको मूर्ति देखेपछि ती वटाला बूढाले समथर ठाउँमा स्थापना गराए र उनको यस कार्यमा अनय गाउँलेहरूले पनि ससघाउ पुऱ्याए । तयसपछ उनीहरूले नित्य पूजाको व्यवस्था पनि गरे । यस क्रममा डोटीको गाँजरी गाउँबाट डडेलधुराको तिलौराकोटमा बस्न गएका जोशी थर भएका ब्राह्मणलाई बर डे भन्ने ठाउँमा बटालाहरूले अबीर जात्रा गर्दै काँधमा बोकेर सिंजापति राजाको सहमतिमा काणँमालिकाको पुजारीको दरबन्दी नियुक्त गर्ने कार्य गरे । हालसम्म यो व्यवस्था कायमै छ । गंगी वटाला भण्डारी र गोविन्दराज जोशी पुजारीका रुपमा हाल कार्यरत छन् ।[१५]

११. विश्वनाथ भट्टराई, "प्राचीन डोटी राज्यको राजनैतिक तथा सांस्कृतिक इतिहास," प्राचीन नेपाल, संख्या ३०-३९, (काठमाडौं: पुरातत्व विभाग, २०३१-३४), पृ. ४घ ।
१२. तीर्थत्र्य, महात्म संग्रह (डोटी: गीता पुस्तकालय र शैलेश्वरी गुठी सेवा समिति, २०५१), पृ. १३२ ।
१३. पन्त, टिप्पणी संख्या २, पृ. १८२-१८४ ।
१४. तीर्थत्र्य, टिप्पणी संख्या १२, पृ. ११५-१६ ।
१५. इन्दिरा जोशी, डोटीका काँण गाउँस्थित मालिका मन्दिरको ऐतिहासिक महत्व, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, संस्कृनि तथा सामाजिकशास्त्र विभागद्वारा २०६१-०६२ को कार्यक्रमअनुसार सञ्चालित अनुसन्धान परियोजनाको प्रतिवेदन, २०६२), पृ. ८३ ।

अनादिकालदेखि काणाँ गाउँमा माता मालिका देवीको स्थापना भएको र खस राजाहरूले कुलदेवीको रुपमा अनुष्ठान गरिआएको कुरा माथि नै उल्लेख भइसक्यो। काणाँमालिकाको दैनिक र पार्विक अनुष्ठान चलाउनको लागि डोटीको राजाहरूबाट समय-समयमा बन्दोवस्त मिलाई गुठीको व्यवस्था गरिदिएको उल्लेख पाइन्छ। वि.सं. १८४६-४७ मा डोटी राज्य नेपालमा समाहित भएपछि नेपालको सिमाना महाकाली नदीसम्म विस्तार भइसकेको थियो। महाकालीपारि कुमाऊँ र गढवालको राज्य थियो। यी प्रदेशलाई नेपालमा मिलाउनसके नेपालको सिमाना वृद्धि हुनेर यस कुराको अनुभव सरदर अमर सिंह थापाले गरेथे। तसर्थ उनी जसरी पनिती प्रदेशहरूमाथि विजय हासिल गर्न चाहन्थे।[१६] कर्णाली प्रस्रवण क्षेत्रको बाजुरामा स्थापित बडीमालिका देवीसँग जसले जस्तो इच्छा, आकांक्षा राखी फल माग्दछ उसले त्यसै फल प्राप्त गर्न सक्दछ अर्थात अमालिका देवी इच्छिन वरदेवी शक्ति हुनाले आफ्ना भक्तहरूको मनोवाञ्चालाई पूरा गरिदिन्छिन् भन्ने जनश्रुति छ। यस जनश्रुतिअनुसार सरदार अमरसिंह थापाले आफ्नो चाहनालाइ उपलब्धि पूर्ण गराउन बडीमालिकाको तपस्या आराधना तथा अनुष्ठान गढी काणाँ भन्ने ठाउँमा अवस्थित मालिका देवीको मन्दिर बनाई अखण्डद्वीप बाल्ने र अनुष्ठानलका लागि नयाँ बन्दोवस्तको व्यवस्था गरिदिने कुराको सङ्कल्प गरे। वि.सं. १८४७-४८ मा विना ठूलो युद्ध नै कुमाऊँ र गढवालका प्रदेशहरू नेपालको अधिनमा आयो र नेपालको पश्चिमी सिमाना गढवालसम्म पुग्यो। वि.सं. १८४९ मा गढवालाका राजा प्रद्युम्न शाहलाई करदाता राजाको रुपमा मान्यता दिइ नेपालले सन्धि गऱ्यो। यसै समयमा सिरमोहरका राजासँग पनि नेपालले सन्धि गऱ्यो। उक्त सन्धिअनुसार नेपालको पश्चिमी सिमाना यमुना नदी तय भएको थियो।[१७]

## नयाँ गुठीको व्यवस्था

यसपछि नेपाल+तिब्बत+चीन युद्धको अन्त्य भयो। तयसपछि नेपालको राजनीतिले नयाँ मोड लियो। रणबहादुर शाहले नायब बहादुर शाहलाई हटाई आफैले शासनको बागडोर सम्हाले। अपरिपक्व राजा रणबहादुर शाह, भाइभारदारहरूको गुटबन्दी जस्ता कारणहरूले नेपालको राजनीतिमा गतिरोध ल्यायो र १२ बर्षसम्म राजनैतिक स्थिरता कायम हुन नसकेको कारणबाट नेपालको भौगोलिक, सामाजिक, आर्थिकर धार्मिक पक्षका विकास ठप्प हुन पुगेको थियो। यथार्थमा भन्ने हो भने त्यसबखत नेपाल राष्ट्रको विविध पक्षमा अनेकौ उतारचढाव आई राज्यको संयन्त्र नै खलबलिन पुग्यो। वि.सं. १८६१ मा रणबहादुर शाह बनारसको निर्वासनबाट फर्केपछि सरदार अमरसिंह थापालाई क्षेत्रीय विस्तारको कार्यभार सुम्पि महाकालीदेखि पश्चिम खटाइएको थियो। उनले क्रमशः कुमाऊँ, गढवाल जस्ता पहिले विजय गरिसकेको प्रदेशहरूमा स्थायित्व ल्याई क्षेत्रीय विस्तारको कार्य आरम्भ गर्दा वि.सं. १८६६ मा नेपालको पश्चिमी सिमाना सतलजवारी काँगडा राज्यको वरपरसम्म पुगेको थियो।[१८] नेपालको पश्चिमी सिमाना विस्तार मा नेपाललाई विजय प्राप्त गर्नाका निम्ति अमरसिंह थापाले तपस्या एवं अनुष्ठान गरेको कुरा माथि चर्चा भइसक्यो। उनीले बाले बमोजिमको व्यवस्था गर्न पटकानी टोलमा अवस्थित माता मालिका देवीको मन्दिर निर्माणका साथसाथै नित्य एवं पार्विक अनुष्ठान, अखण्ड दिप, सदावर्तगुठी, धर्मपानी, धर्मशाला, तीर्थालुलाई मद्दत पुग्ने हेतुले पहिले सिजा राजाको पालामा भएको गुठी र पूजा खर्चको बन्दोवस्त र ३ गाउँ बोगटी, नुवाघर र वटाला गाउँ थप गरी वि.सं. १८६७ मा गुठीको व्यवस्था गरिदिएका थिए।[१९] जसबाट काँणामालिकाको साथसाथै नेपाल राज्यको ऐतिहासिकतको ज्ञान हामीलाई भएको छ।

## मन्दिर निर्माण

काणाँ गाउँको पटकानी टोलमा शिलाद्वारा निर्मित गुम्बज आकृतिको मालिकको मन्दिर छ। जसलाई काणाँमाडौं भनेर सम्बोधन गरिन्छ। उक्त मन्दिर शिखर शैली आकारमा निर्मित भएको पाइन्छ। मन्दिरको प्राङ्गणमा करिव २ रोपनी जमीन भएको अनुमान गरिएको छ। उत्तरपट्टि २ तले $१३^{१/२} x ८^{१/२}$ हातको लम्बाई चौडाई र ११ हात उचाइमा रहेको कर्कटपाताले छाएको भवन छ। मन्दिर ९x९ हात चौडाई र १७ हात

१६. ऐजन, पृ. ८३-८५।
१७. महेश राज पन्त, "वीर भक्ति थापा", पूर्णिमा, पूर्णाङ्क १०, (काठमाडौं: संशोधर्न मण्डल, ...) पृ. ४३-४४।
१८. T.R. Vaidya, Advanced History of Nepal. (Delhi: Anmol Publication, 1994), pp. 4-98.
१९. इन्दिरा जोशी, डोटीको काणाँ गाउँस्थित मालिका मन्दिरको ऐतिहासिक महत्व, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, संस्कृति तथा सामाजिकशास्त्र विभागद्वारा आ.व. २०६१/०६२ मा गरिएको अनुसन्धान परियोजना, २०६२), परिशिष्ट नं. ७।

उचाइको छ। सुरुमा चौडा भाग ३०x१६ हात माथि साँघुरो गराउँदै लगिएको छ। काठका ढोका ६x६ हातको छ। ढोका ११ २ हात चौडा र ३१ २ हात अग्लो छ। मन्दिर पूर्वतिर मुख फर्किएको छ। बाहिरी पेटी ३०x१८ हातको छ। ढुङ्गाको कमलको फूलमाथि ढुङ्गाकै गजुर हाली निर्माण गरिएको छ। मन्दिरको दक्षिणपट्टि ढुङ्गाको बाघको मूर्ति राखिएको छ। मन्दिर होचो र चौडा छ। मन्दिरदेखि पूर्वतर्फ २ वटा देवलाकृतिका देवलहरू छन्। मन्दिरदेखि बाहिर उत्तरतिर २०x३० इञ्चको हवन कुण्ड छ। काँडामालिका मन्दिरभित्र गणेश, मालिका र देवी परिवारका ३ वटा शिलामूर्तिहरू रहेका छन्। काठमाडौंबाट कारिगर झिकाई शिलामा देवी परिवारको मूर्ति कुँद्न लगाइ स्थापना गरेका थ। साथसाथै अखण्ड दिप बाल्नका लागि पनि गरेको थिए। मन्दिरभित्र उत्तर-पूर्वी कुनामा सरदार अमरसिंह थापाले दिप प्रज्वलित गराएका थिए। जुन १९६ बर्ष अगाडिदेखि नित्य बालिआएको थियो भने सो अखण्डदिप बाल्ने ठाउँ अद्यापी छ।[२०] तर २०६१ आश्वीन १६ गतेको ठूलो हुरी बतास आएको मौका छोपि केही दुष्ट व्यक्तिहरूले हुलहुज्जत गरी मन्दिरको सामग्री छरपष्ट गरी अखण्ड दिप निभाइदिए। दियो बेपत्ता पारिदिए। तेल पोखिएको वरपर टाटो १ मीटर वर्गक्षेत्रमा पुगेको छ। हाल मन्दिरमा पूजापाठ बन्द प्राय: छ। पुजारी ठेकेदारहरू त्यसका प्रभावबाट पीडित देखिन्छन्। मन्दिर वरपर पर्खाल नमुनामात्रको ५। २ वटा फलामका द्वारहरू उदाङ्ग जस्ता रहेका छन्। मन्दिरको छेउमै भैरवको स्थापन पनि छ। मन्दिर अगाडि केही घण्टहरू टाँगिएका छन्। त्यसैतै त्रिशूलहरू पनि छन् मन्दिर बाहिरपट्टि मौलो खडा गरिएको छ मन्दिरको वरिपरि सल्लो, धुपी र राय सल्लाका रुखहरू छन्। उत्तरतर्फ ठूलो सल्लाको रुख छ।

## पूजा र पुजारीको परम्परा

अन्य मन्दिरमा झै काणाम्कालिका मन्दिरमा पनि नियत्य एवं पार्थक र वार्षिक पूजा गर्ने परम्पार रहेको पाइन्छ। विशेषगरी शारदीय अष्टमी र चैत्राष्टमीमा मालिका देवीको भव्य पूजा हुन्छ। प्रत्यके अष्टमीमा बोका काट्नुपर्छ। नवरात्रका बेला ९ दिनसम्म १, १ ओटा बोका काटिन्छ। वडादशैं र चैत्राष्टमीमा राँगाको बलि दिने प्रचलन पनि छ। श्रावण महिनामा बडिमालिकामा काणामालिकाका पुजारी र गुठीयारहरू पुजा सामानसहित जाने परम्परा छ। मन्दिरको व्यवस्था व्यवस्थित गर्नै कार्य ठेकेदारले गर्दछन् र जसलाइ नाइके भनिन्छ। वटालाहरू नै त्यहाँका ठेकेदार रहेको परम्परा छ। पुजारी भने जोशी ब्राम्हणहरू छन्। अखण्ड दिपको रेखदेखको कार्य नाइकेकै परिवारहरूले पालैपालोसँग गर्ने परम्परा रहेको छ।[२१] पहिलेकै स्थितिअनुसार पुजारीलाई तलव, खान्गी तथा भण्डारे र वाजावजाउनेलाई दररेटमा अद्यावधि पूजा चलिरहेको छ। काणाँमालिकाको पूजा र पुजारीको बन्दोवसतको वर्णनमा त्यस स्थानको ३ गाउँमा बसोवास गर्ने रैतिबाट रकम तथा जिन्सी जम्मा गर्दा ६ मुरी १० पाथी ६ माना चामल ४७ वटा बोका, १ मुरी ४ पाटी ४ माना घ्यू र २ मुरी ९ पाथी ५ मुठि तेल जिन्सीमा जम्मा हुने र नगदमा १४३ रुपैयाँ ७९ पैसा ३ दाम उठ्ने गरेको थियो। उक्त आम्दानीको लगत किताब खडा गरी आय-व्ययमा रु. १/- बचेकाले कसर स्वरुप श्री ५ को सरकार सदर दफदर रवानामा जम्मा गर्ने परम्परा रहिआएको कुरा २००४ सालको सनदले प्रमाणित गरेको छ। उक्त आम्दानीबाटै भत्केविग्रेमा जिर्णोद्धार र निर्माण गरी काममा कुनै कमी र त्रुटी आउन नदिने बन्दोवस्त मिलाइएको थियो।[२२]

वि.सं.१९०४ मा श्री ५ सुरेन्द्रवीर विक्रम समक्ष प्रधानमन्त्री जङ्गबहादुरले काँणामालिकाको गुठी बन्दोवस्तको सम्बन्धमा जाहेर गर्दा अघिकै बमोजिम आजापूजा चलाउनु भनी आदेश गरेको पाइन्छ।[२३] यस्तै १९२१ मा प्रधानमन्त्री रणोद्दिप सिंहको पालोमा पनि सो गुठीको अवस्थामा अघि भएकै लालमोहर बमोजिम गुठी थामिएको भन्ने व्यहोराको जानकारी पाइन्छ।[२४] यस्तै २००४ सालमा पद्मशमशेरको प्रधानमन्त्रीत्व कालमा पनि गुठीको तपसीलका दरवन्दीबमोजिम आम्दानी खर्च गरी गुठी काम चलाइ सेखी बाँकी खाई भत्केविग्रेको बनाई सलामी मो.रू.१ २००४ सालदेखि सालवसाल इलाका डोटी अछाम मालमा बुझाउनु भनी गुठीयार द्वय धनविक्रम र डण्डकेशरका नाउँमा सनद गरी पठाएको सोलाई सदर गरिएको प्रसङ्ग पाइन्छ।[२५]

२०. ऐजन।
२१. ऐजन।
२२. ऐजन, परिशिष्ट नं ९।
२३. पूर्ण प्रकाश नेपाल, सेती अञ्चल दिग्दर्शन (दोश्रो खण्ड), (विराटनगर: हिमाल सौगात प्रकाशन २०३५), पृ. ४१५।
२४. ऐजन, पृ. ४१८, परिशिष्ट ९।
२५. परिशिष्ट ९।

वि.सं. २००७ सालको क्रान्तिपछि पुजारी तथा ठेकेदारहरूले पनि आ-आफ्नो परापूर्वकालदेखि बन्दोवस्त गरी काणाँमाडौंको पूजा, अर्चना गरी आफ्नो परम्परालाई थेक्दै आएका थिए। तर २०६१ आश्वीन १६ गतेको हुरी र हुलहुज्जतले अण्डपि निभाइ पूजा आजा बन्द भएको छ। डोटीका राजाहरूले गरेअनुसारको व्यवस्थालाई व्यवस्थित गरी वडाकाजी अमर सिंह थापाले योगदान पपुऱ्याउँदा र त्यसलाई श्री ५ को सरकारले निरन्तरता दिदै गएकाले नेपालको सांस्कृतिक तथा ऐतिहासिक धरोहरको सम्बर्द्धन हुनमा टेवा पुगेको छ।

श्री अमरसिंह थापाका सन्तान डम्बरबहादुर थापाक्षेत्रीले गुठी जग्गामा लगाउन खोजिएको रकम मिलाउनका लागि विन्ति गरेका रुक्का पत्र

**श्री बडी मालिका** — **श्री ५ को सरकार**
२ — १

स्वस्तिश्री मदति प्रचण्डभुजदण्डेत्यादि श्री श्री श्री. महाराज जङ्गबहादुर राणजी सि.वि. प्राइममिनिष्टर याण्ड कम्याण्डर इनचिफ रुक्क .............

स्वस्ति श्री मद्राजकुमार कुमारात्मज श्रीकम्झांडर इन्चिप जनरल रणउद्दीपसिंह कुवर राणा कस्य पत्रम्।

आगे लेफटेन डम्बर भक्तबहादर थापा क्षेत्रीले हाम्रो ज्यूज्यू वाज्या अम्वरसिंह थापा क्षेत्रीले १ वाट विर्ता पाउदा निज विर्ता डोटीका अम्वलमध्ये चौकी गढ़ाको वटालागाउ १ नुत्राघरगाउ १ वोगटी गाउ १ ज्मा गाउँ ३ के १८६६ साल माघ २ लाई गुठी राषी थितिका लालमोहर समेतभै नित्ये नैमित्ये पूजा अषण्ड वत्ति सदावर्त र पर्व पर्वमा गर्नु पर्न्या पूजा चलाई आयाका छन्. हुलाक बाहेक अरु दै टण्टा कसैले नलाउनु भन्या वित्रिका मोहर वाहेक बोल बमोजिम गौडाका हाकिं भारदारहरूले सनद पनि गरि दियाका हुनाले थिति थामीयाकै थियो जंगलको ठाउँ टाढाको पल्ला हुनालै अघिदेषि अचलिआयाको थितिमिथि आउन्या जान्या लस्कर भै भारदार गौंडाका हाकिमहरूले रकं उठाउन जान्या रकमीहरूले गा.. (.. रकम भारा मेगजित वेगारी छलही मा रैक जगा सरहको टण्टा लगाई दिदाम गुठीको रैति गुठी उजार हुन लाग्यो २ का आजा पुजा कस्तारितले चलाउनलाइं अघि भयाका लालमोहरका थीतिवमोजिं हुलाक बाहेक भारा वेठ वेगरी मेगजीन छलहीमा कसैले टण्टा नलाउन पाउन्या वेहोराको रुक्का दस्षत गरी बक्स्या १ को जये मनाउद हुं निज, गुठीका मुद्दामा अैन सवाल हुकुं बमोजिं छैन सनद साविक ६ जो मर्जि भन्या रपोट निक्सारी अडामा जाहेर गर्दा सो रिपोटमा इन्का पुराना सनद बमोजिंमको रुक्का दस्कत इन्को नाउमा अैन सवालको रीत पुऱ्याई गरिदिनु भनि सदर दफतरपानामा रिपोट पठाइदिनु भन्या २५ साल कार्तिक ५ रोज २ को (..... सदर दफतरषाना बाट काजि अम्बरसिंह थापा क्षेत्रीका नाउमा २ लाई १८७२ साल फागुन सुदि ७ रोज ४ मा गुठीको लालमोहर पनि गरी बक्स्याको रहेछ अरु साल सालमा हुलाक बाहेक भारा वेठ वेगर माफिकको लालमोहर भइ आयाको हुनाले अघिभयाको लालमोहर बमोजिं अवपनि सनद हुन मनासिव ठहराई हाम्रा हजुरमा विंति गरि जाहेर गराउँदा २ का गुठीमा दरियाको जगामा अघि भयाका सनद वमोजिं अव उप्रान्त पनि हुलाक बाहेक अररु भारा वेठ वेगर र कंकलं माफ गरिवक्स्यौ १ को जय मनाई आफना पातिंर्ज्मा संग अघि देखि चलाइ आयावमोजिं गुठीं चलाउन्या काम गर इति सम्वत् १९२५ साल मिति पौष सुदि ३० रोज २ शुभम् .....

*स्रोत गगन बहादुर वटाला, मालिका गुठीका ठेकेदार, काँणामालिका गा.वि.स. ४।*

काँणामालिकासम्बन्धी व्यवस्थापकको भूमिका निर्वाह गर्ने बटाला गाउँमा मुखियासँग रहेको सदनदपत्र

श्री

स्वस्ति श्री मालिकाका गुठी अमा.ल कचहरीकस्ये चौकी गर्षा मधये धानु काँणा बटाला गाउँ नत्राघर गाउँ वोगटी गाउँ सिमपाटा गाउँ बस्न्या गैह्रके पूर्जि उप्रान्त रातमाटछी देषी दषिण ढाडको षेला देखि दक्षिण उत्तर सुत्तव्यारी पानी देषी पूर्व षेल्यकोट देषी पसिं यति ४ किल्ला भित्रको जग्गामा मनपदौ गरी संग्रह काठपात ....... का भित्रको जगाको आज उप्रांत काठपात गैह्र कसैले काटन नपाउन् पुर्जि गरि पाउन्या हुँ भनि वटाला गाउँको मुषिया विर्सिंग्या वटालो भनन आउन जाहेर भयो। तसर्थ सो ४ किल्लाभित्रको जगाको सुकेको काठ बाहेक आफ्नो काठपात् कसैले नकाट्नु कसैले आफ्नो काठपात काटन्याको ठहऱ्यो भना अैन बमोजिं बुझाउनु पर्ला इति सम्वत् १९४८ साल मिति चैत्र सुदि - १ रोज ४ शुभम् ......

*स्रोत: डोटी जिल्ला काँणामाडौं वार्ड नं ४ वटाला गाउँ बस्ने श्री मालिका गुठी (काँडामालिका) का ठेकेदार श्री गगनसिंह वटालासँग संग्रहित अभिलेख।*









महालक्ष्मीको मूर्ति



काणाँमालिका देवीको मूर्ति



माक्ष सरस्वतीको मूर्ति


डोटी
नेपाल


डोटी


चौला
सिम्पाटा
सानागाउँ

# वार्षिक कार्यक्रम प्रतिवेदन एवं मूल्यांकन तथा विश्लेषण २०६१/६२

विष्णुराज कार्की, सरस्वती सिंह, जयन्ती श्रेष्ठ

२००९ सालमा राष्ट्रभरिका मूर्त र अमूर्त, सम्पदाको अनुसन्धानमूलक ढङ्गबाट तिनको मौलिकता, संवेदनशीलता र ऐतिहासिकतालाई कायम राखी संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले स्थापित पुरातत्व विभागले गर्ने कार्यको लागि २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन जारी भएको थियो । पाँचौ संशोधन भैसकेको प्राचीन स्मारक संरक्षण ऐन २०१३ लाई उल्लेखित उद्देश्य पूर्ति र जनचाहना अनुरुप कार्यक्षेत्र वृद्धि गर्न यस आ.व. मा छैटौं संशोधनको तयारी गरिएको छ। सोही ऐनको मर्मलाई आत्मसात गरी कार्यक्षेत्रमा कार्यान्वयन गर्न **"प्राचीन स्मारक संरक्षण नियमावली-२०४६"** समेत जारी भैसकेको छ।

ऐनमा उल्लेखित मुलभूत उद्देश्य परिपूर्ति गर्ने उद्देश्यले आ.व. २०६१/६२ मा तीनवटा आयोजनाहरू सञ्चालनमा रहेका थिए। ती आयोजना मध्ये मध्यावधि खर्च संरचनाको विश्लेपणका आधारमा **"पुरातात्विक स्थल संरक्षण आयोजना"** लाई आ.व. २०५९/६० देखि पहिलो प्राथमिकता प्राप्त आयोजनामा समावेश गरी **"विश्व सम्पदा संरक्षण आयोजना"** समेत दुई वटा पहिलो प्राथमिकता आयोजना सञ्चालन भएका छन्। गोरखा दरवारको संरक्षण एवं सम्वर्द्धनका साथै पर्यटकीय स्थलको रुपमा विकास गर्न संग्रहालयको स्थापना गरी स्थानीय स्तरको आर्थिक एवं सांस्कृतिक स्तर वृद्धिका लागि २०४२ सालमा १० वर्षे गुरुयोजना तयार गरी सो अनुरुप संचालन गरिएको आयोजना समेत संचालन भै रहेको छ। यो आयोजना आ.व. २०५२/५३ मा सम्पन्न गर्ने लक्ष्य राखिएकोमा प्रारम्भिक गुरुयोजनामा तोकिएका भन्दा बढी उद्देश्यहरू थपिनु र तोकिए बमोजिमको वार्षिक बजेट उपलब्ध नहुनुको कारणले अध्यावधि संचालनमा रहेको छ । तथापि आगामी आ.व. मा यस परियोजनाले पूर्णता प्राप्त गर्ने अवस्थामा छ।

उल्लेख भए बमोजिमका कार्यहरू लगायत यस विभागको कार्यक्षेत्र निम्न बमोजिम रहेको छ,

१) पुरातात्विक स्थलको खोज, अन्वेषण, अनुसन्धान र उत्खनन्।

२) भौतिक एवं अभौतिक सम्पदाहरूको संरक्षण र सम्वर्द्धन।

३) अनुसन्धानमूलक लेख, रचना लगायत विभागले गरेका खोज, अनुसन्धान र संरक्षण गतिविधि सम्बन्धी कार्यहरूको **"प्राचीन नेपाल"** मार्फत प्रकाशन गराई राष्ट्रिय महत्वका सम्पदाहरूको प्रचार प्रसार गर्नु।

४) संग्रहालय, अभिलेखालय, प्रयोगशालाको व्यवस्थापन सुदृढीकरण र कार्यक्षेत्र वृद्धि गर्नु।

५) विश्वसम्पदा क्षेत्रका सम्पदाहरूको संरक्षण एवं सम्बर्द्धन र निजी सम्पदाहरुको मौलिकता र संवेदनशीलता कायम राख्ने कार्यमा नियन्त्रण एवं सहयोग गर्नु।

उल्लेखित कार्यक्षेत्रभित्र रही मुलुकका सम्पदाहरूको संर क्षण र सम्वर्द्धन प्राचीन स्मारक संरक्षण ऐन २०१३ र प्राचीन

स्मारक संरक्षण नियमावली २०४६ ले तोके बमोजिम हुने व्यवस्था छ। ऐनको उद्देश्य र मर्मलाई ध्यानमा राखी संरक्षण र सम्वर्द्धन तथा उत्खनन् कार्य संचालन गर्नुका साथै सम्पदाको दीर्घकालीन स्थायीत्वका लागि जनसहभागितामूलक कार्यक्रमहरू पनि परिचालन गरिएका छन्।

सम्पदाको संरक्षण एवं प्रवर्द्धन र उत्खनन् गर्ने कार्य खर्चिलो हुने र लगानीको प्रतिफल आउन समय लाग्ने भएपनि वार्षिक कार्यक्रमहरूबाट गरिबी निवारण कार्यमा पनि सहयोग पुऱ्याउँदै आएको छ। तथापि राष्ट्रिय बजेटको कूल अंशमा उल्लेखित कार्य गर्न ०.००५ प्रतिशत मात्र बजेट प्राप्त हुने हुँदा सीमित बजेटको परिधिभित्र रही कार्य गर्नुपर्दा संरक्षणको पाटो सोचे जति हुन नसकेको अवस्था छ। तसर्थ संरक्षण कार्यमा जनसहभागिता वृद्धि गरी अनुकूल स्थिति सिर्जना गर्ने परिपाटीलाई उत्प्रेरित गर्न नितान्त आवश्यक छ। संरक्षणका मौलिक व्यवस्थापन पद्धती परिवर्तन गर्दा उत्पन्न प्रतिकूल परिस्थिति अनुकूल हुने व्यवस्था सिर्जना गर्नु पर्ने जरुरी देखिन्छ।

यिनै उद्देश्यहरू पूर्ति गर्दै विशिष्ट परम्पराको संरक्षण गर्न सम्पदा संरक्षणमा चेतना अभिवृद्धिका लागि आ.व. ०६१/६२ देखि अभिमुखीकरण कार्यक्रमको सञ्चालन कार्य शुरु गरिएको छ। यस कार्यक्रममा मूलतः सम्पदाहरूको विकासक्रम, तिनको सांस्कृतिक, धार्मिक एवं प्राविधिक महत्व, समसामयिक कारिगरी र तिनका चिन्तनले बर्तमान समाजमा निर्देशित गरेका अन्तर्निहित विषयवस्तुको अक्षुणता कायम राख्नु पर्ने आवश्यकता लगायत अन्य विविध पक्षमा जानकारी गराई आ-आफ्ना क्षेत्रमा समन्वयात्मक भूमिका निर्वाह गर्न जिल्ला विकास समिति, नगरपालिका, गा.वि.स. का प्राविधिक प्रतिनिधि लगायत गैरसरकारी संस्था र पत्रकार एवं बुद्धिजीविहरूलाई समेत समावेश गरिएको छ। उल्लेखित प्रतिनिधिहरूलाई ७ दिनसम्म जनचेतना सम्बन्धी प्रशिक्षण कार्यक्रममा समावेश गराई उपलब्ध गराइएका जानकारीहरूबाट सो क्षेत्रमा संरक्षण गर्ने गराउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्षम हुने र संरक्षण कार्यमा जनसहभागिता वृद्धि लगायत प्राचीन स्मारक संरक्षण २०१३ ले निर्दिष्ट गरेको जीर्णोद्वार सम्बन्धी कानूनी मूल्य-मान्यतालाई सहयोग पुग्ने कार्यक्रमको लक्ष्य रहेको छ।

सम्पदा संरक्षणमा प्राचीन स्मारक संरक्षण ऐन २०१३ ले गरेको व्यवस्थाका मूलभूत पक्षलाई जनसमुदायसम्म पुऱ्याई जनसहभागिता बृद्धि गर्नु नितान्त आवश्यक छ। प्राचीन स्मारक संरक्षण ऐन २०१३ सहभागितामूलक भावनाबाट प्रेरित छ। ऐनको कार्यान्वियनलाई बढी प्रभावकारी बनाउन सम्पदा संरक्षण कार्यमा रोकथाम (Preventive Measure) को महत्वलाई अँगिकर गरी यस्ता विषय समुदायमा सम्प्रेषित गर्नुपर्ने हुन्छ। कुनै पनि सम्पदा भत्किई सकेपछि त्यसको मौलिकता पुनः कायम गर्न सकिँदैन। साथै विषयगत ज्ञानको अभावमा समुदायबाट भएका गल्तीहरूलाई कारवाहीको तहमा लगेर सजग तुल्याउने कार्य सिर्जना गर्न सकिन्छ तर त्यसको मौलिक अस्तित्वलाई पुनः सिर्जना गर्न सकिँदैन। तसर्थ सम्पदा संरक्षणमा प्राचीन स्मारक संरक्षण ऐन २०१३, Prevention Based छ भन्ने विषय स्पष्ट छ। अर्ध शताब्दीको यात्रा सम्ममा यस ऐनको प्रभावकारिता वृद्धि गर्ने कार्यमा कमी भएकाले त्यसलाई सवल तुल्याउन गत वर्षदेखि विशेष कार्यक्रम संचालन गर्ने अभियान शुरु गरिएको छ। जसमध्ये सम्पदा संरक्षणमा जनचेतना वृद्धि कार्यक्रम महत्वपूर्ण कार्यक्रम रहेको छ। जनचेतना वृद्धि वाहेक प्राचीन स्मारक संरक्षण नियमावली २०४६ को दफा ४.५ को उपदफा ४.५.१ मा **"प्राचीन स्मारकको मर्मत तथा जीर्णोद्वार गर्दा स्मारकको मौलिकता, संवेदनशीलता, राष्ट्रिय कला र संस्कृतिको संरक्षण गरी अनुसन्धानमूलक ढंगबाट स्मारकको मर्मत तथा जीर्णोद्वार गर्नु गराउनु पर्नेछ"** भन्ने विषयलाई परिभाषित गर्दै संरक्षणका प्रकृयाहरू जनमानस समेतले बुझ्ने गरी अर्थ्याउने कार्यका लागि "**संरक्षण निर्देशिका-२०६२**" तयार गरिएको छ। यो निर्देशिका जारी भएपश्चात जीर्णोद्वार कार्यमा देखापरेका द्विविधा, अन्योल र हालसम्म विभिन्न संघ-संस्था, स्थानीय निकाय तथा निजी गुठीहरूबाट भए गरेका कमी कमजोरी न्यून हुने विश्वास गर्न सकिन्छ।

कार्यक्रमको महत्वका दृष्टिले विभाजित पहिलो, दोस्रो र तेस्रो प्राथमिकता निर्धारण राष्ट्रिय नीति अनुरुप पुरातात्विक संरक्षण आयोजना र विश्व संपदा संरक्षण आयोजना दुवै कार्यक्रमहरू पहिलो प्राथमिकतामा समावेश छन्। राष्ट्रिय योजना आयोगले २०५९ सालमा आयोजना गरेको मध्यावधि खर्च संरचना एवं कार्यक्रम छनौट २ दिने गोष्ठीबाट स्मारक संरक्षण योजनालाई पहिलो प्राथमिकतामा समावेश गरिए पश्चात संरक्षण कार्यमा परम्परागत मूल्य र मान्यता कायम

राख्दै सहभागितामूलक कार्यक्रमहरू परिचालन गर्न बढी जोड दिइएको छ। फलस्वरुप आ.व. ०६१/६२ मा सशर्त अनुदान तर्फ कुल बजेटको ७.१६% र निशर्त अनुदान तर्फ १७.२६% प्रदान गरिएको थियो ।

**पुरातात्विक स्थल संरक्षण आयोजना तर्फको शीर्षकगत बाँडफाँड (रु. हजारमा )**

| | | |
|---|---|---|
| १. सम्पदा संरक्षण कार्य | - | रु.१३१५२ |
| २. अनुसन्धानमूलक कार्य | - | रु.२२८५ |
| ३. सम्पदा संरक्षणमा सशर्त जनसहभागिता अनुदान | - | रु.१२७० (७ वटा कार्यक्रम) |
| ४. निशर्त अनुदान | - | रु.३०७७ (१३ वटा कार्यक्रम) |
| ५. आपतकालीन संरक्षण | - | रु.३२५ |
| ६. मेशीनरी सामान खरीद | - | रु.१०३१ |
| ७. मुद्रा तथा रसायन खरीद | - | रु.३०० |
| ८. प्रशासनिक खर्च | - | रु.१००० |
| **कूल जम्मा** | - | **रु.२,२५,०००** |

## कार्यक्रमको विवरण:

**कार्यक्रमको नाम: पुरातात्विक स्थल संरक्षण आयोजना**

| सि.नं. | कार्यक्रमको नाम | लगत (रु.हजारमा) | जिल्ला |
|---|---|---|---|
| १ | विभागको गतिविधि सहितको ३ अंक प्राचीन नेपाल प्रकाशन गर्ने | १५० | काठमाडौं |
| २ | पुस्तकालयका पुस्तक संरक्षण कार्य | १०० | काठमाडौ |
| ३. | नेपाल अधिराज्यको संस्कृति झल्काउने भित्ते पात्रो छाप्ने काय | १७५ | काठमाडौं |
| ४. | वार्षिक जीर्णोद्धार कार्यको लागि फोटोग्राफी सामान खरीद गर्ने | २५० | काठमाडौं |
| ५. | साँस्कृतिक जात्रा पर्वहरूको भिडियो रेकर्ड राख्ने | ५० | उपत्यका |
| ६. | राष्ट्रिय अभिलेखालयको कुमारीचोक स्थित ऐतिहासिक कागजपत्र संरक्षण गर्ने २५% | २२५ | रा. अभिलेखालय |
| ७. | तिवेटन ग्रन्थहरूको सूचीकरण गर्ने | १५० | " |
| ८. | स्ट्यागहलमा राखिएका हस्तलिखित ग्रन्थ र अभिलेख संरक्षण गर्ने | ११० | " |
| ९. | राष्ट्रिय अभिलेखालय भवन तथा पुस्तकको सम्भार सम्वर्द्धन गर्ने | १५० | " |
| १०. | स्टयागहलको छानामाथि राखिएको सेड विस्तार गर्ने | ११४६ | " |
| ११. | राष्ट्रिय अभिलेखालयको पार्किङ्ग व्यवस्थापन गर्ने | २९६ | " |
| १२. | के.सा.सं.स. प्रयोगशाला, पाटनको मूल प्रवेशद्वार सुधार गर्ने | १५० | के.सा.सं.स. प्रयोगशाला ल.पु. |

| | | | |
|---|---|---|---|
| १३. | अधिराज्यभर गरिने जीर्णोद्धार कार्यका लागि रसायन खरीद गर्ने | १५० | के.सा.सं.स. प्रयोगशाला ल.पु. |
| १४. | रसायन प्रयोगशालाका लागि आवश्यक मेशीनरी औजार खरीद गर्ने | १०० | " |
| १५. | परम्परागत प्रविधिहरूको परीक्षण गर्न आवश्यक रसायन सामाग्रीहरू खरीद गर्ने र परिमाण प्रतिवेदन तयार गर्ने | १०० | " |
| १६. | विभाग तथा अन्तर्गत कार्यालय सुदृढीकरणका लागि ल्यापटप प्रोजेक्टर प्रदर्शन खरीद तथा तालीम । | ६०५ | विभाग तथा अन्तर्गत कार्यालय विभाग |
| १७. | पुरातात्विक जीर्णोद्धार सम्बन्धी कार्यको ओरिएन्टेशन कार्यक्रमको व्यवस्था गर्ने | २०० | " |
| १८. | कन्जरभेशन म्यानुअल तयार गर्ने र प्रकाशन गर्ने । | १५० | " |
| १९. | चोरी मूर्तिको लगत छाप्ने । | ५० | " |
| २०. | राष्ट्रिय संग्रहालय, छाउनीमा CCTV खरीद गर्ने । | १०० | रा.संग्रहालय |
| २१. | ऐतिहासिक भवनको प्रदर्शन कक्षहरू मर्मत सम्भार गर्ने । | ३०० | " |
| २२. | लघु रसायन कक्ष व्यवस्थित गर्ने । | ५० | " |
| २३. | संग्रहालयमा रहेका पुरातात्विक वस्तुहरूको संरक्षण गर्न भण्डारघरको निर्माण २५% गर्ने । | १००० | " |
| २४. | राष्ट्रिय संग्रहालय, छाउनीको आत्मनिर्भर बनाउने कार्यको लागि सुधार अध्ययन प्रतिवेदन तयार गर्ने । | १०० | " |
| २५. | राष्ट्रिय संग्रहालय छाउनीको गुरुयोजना अनुसार निर्माण गरिने भवनको योजना सहितको विस्तृत नक्शा तयार गर्ने । | १०० | |
| २६. | राष्ट्रिय मुद्रा संग्रहालयको ३०० थान मुद्राहरूको रसायन संरक्षण गर्ने । | २५ | रा.मुद्रा संग्रहालय |
| २७. | मुद्रा खरीद गर्ने । | ५० | " |
| २८. | प्रदर्शन कक्षमा रंगरोगन तथा मर्मत गर्ने । | ५० | " |
| २९. | कला संग्रहालय, भक्तपुरको मूख्य प्रवेशद्वार माथिको छाना मर्मत गर्ने । | ९५ | रा.क.स.भक्तपुर |
| ३०. | मालतीचोक सुधार गरी व्यवस्थित गर्ने । | २०० | भक्तपुर |
| ३१. | वान्तवा राई जातिको सांस्कृतिक सामग्री संकलन कार्य पुरा गर्ने । | १०० | |
| ३२. | मूल प्रवेशद्वार माथिको जग्गालाई सुरक्षित गर्न तारवार लगाउने । | १०० | सुर्खेत |
| ३३. | संग्रहालयको दीर्घकालीन विकास योजना अनुसार प्रस्तावित प्रदर्शनी भवन विस्तार कार्य शुरु गर्ने । | १००० | " |
| ३४ | पोखरा संग्रहालयको प्रदर्शनी व्यवस्था विस्तार गर्न गुरुयोजना बमोजिम भवन विस्तार गर्ने कार्य शुरु गर्ने । | १००० | पोखरा |
| ३५. | लमजुङ्ग दरवारको ल्याण्ड स्केप गर्ने । | ५० | लमजुङ्ग |
| ३६. | कालिका मन्दिरभित्रको सामग्रीहरू संरक्षण गर्ने । | ८० | " |
| ३७. | कपिलवस्तु संग्रहालयको लागि पेडेस्टल तथा खानेपानीको व्यवस्था गर्ने । | १२० | कपिलवस्तु |

| | | | |
|---|---|---|---|
| ३८. | सुर्खेत संग्रहालयको प्रवेशद्वार तथा टिकटघर निर्माण गर्ने । | ३०० | सुर्खेत |
| ३९. | निशानथान भगवती मन्दिर प्राङ्गणको ११०० ब.फि. ढुङ्गा छाप्ने कार्य गर्ने । | १०० | धनकुटा |
| ४०. | ५२ चुले घरको ८५० क्यू.फि. गारो मर्मत गर्ने । | ५० | " |
| ४१. | इ.पु. को इतिहास अनुसन्धान गर्न किचकवध उत्खनन् कार्य जारी राख्ने । | ५०० | झापा |
| ४२. | सप्तरी जिल्लास्थित खोक्सार क्षेत्रको पुरातात्विक स्थलको उत्खनन् कार्य शुरु गर्ने । | ३०० | सप्तरी |
| ४३. | सिराहा जिल्लास्थित धनगढी क्षेत्रको पुरातात्विक स्थलको उत्खनन् गर्ने । | २०० | सिराहा |
| ४४. | धरानस्थित पिण्डेश्वर मन्दिरको छाना मर्मत | ३०० | धरान |
| ४५. | भोजपुर बजारस्थित सिद्धकालिका मन्दिर जीर्णोद्वार । | ३०० | भोजपुर |
| ४६. | नक्साल ज्यापुटोलस्थित पाटी मर्मत । | ३०० | काठमाडौं |
| ४७. | विष्णुमतीबाट उक्लने ढुङ्गेसिढीं मर्मत गर्ने । | ३५० | " |
| ४८. | ने.सं. २८१ को फर्पिङ्गस्थित जलद्रोणी संरक्षण गर्ने । | २०० | फर्पिङ्ग |
| ४९. | फर्पिङ्ग क्षेत्रको पुरातात्विक उत्खनन् कार्य शुरु गर्ने । | ५० | " |
| ५०. | धन्दोचैत्यस्थित बसुन्धरा मन्दिर जीर्णोद्वार गर्ने । | १०० | काठमाडौं |
| ५१. | ल.पु. लामाटारस्थित कमेरेको ढुङ्गेधारा संरक्षण | ७० | ललितपुर |
| ५२. | गोकर्णेश्वर महादेव मन्दिरस्थित शिवालय जीर्णोद्वार । | ३२० | ललितपुर |
| ५३. | ल.पु. मच्छिन्द्रवहालस्थित दीपंकरको मूर्ति संरक्षण गर्ने । | १०० | उपत्यकाभर |
| ५४. | लिच्छविकालीन अभिलेख संरक्षण गर्ने । | १०० | भक्तपुर |
| ५५. | भ.पु. अनन्तलिङ्गेश्वर महादेव मन्दिरको गारो तथा छाना मर्मत गर्ने | ५३० | " |
| ५६. | भ.पु. दक्षिण वाराही पाटीको जीर्णोद्वार कार्य । | ३०० | " |
| ५७. | भ.पु. गाम्चास्थित सेतो गणेश मन्दिर प्राङ्गण सुधार । | १०० | " |
| ५८. | भ.पु. बोडे महालक्ष्मीको सत्तल जीर्णोद्वार । | १०० | " |
| ५९. | भ.पु. बागेश्वरीस्थित बाल्मीकेश्वर महादेव मन्दिर क्षेत्रका सत्तल जीर्णोद्वार । | ७०० | " |
| ६०. | नगदेश ध्वाकासी महादेव मन्दिर जीर्णोद्वार । | ३०० | " |
| ६१. | मध्यपुर ठिमी दामोदर नारायण पाटी जीर्णोद्वार । | ६०० | " |
| ६२. | पनौतीस्थित नृत्यनाथ मन्दिर जीर्णोद्वार । | ४४० | " |
| ६३. | पनौती क्षेत्रको पुरातात्विक उत्खनन् । | ५० | " |
| ६४. | काभ्रे कोटतिमालस्थित कालीका भगवती मन्दिर जीर्णोद्वार । | ३०० | काभ्रे |
| ६५. | काभ्रे देउपुरस्थित तपेश्वर महादेव र गणेश मन्दिर जीर्णोद्वार । | २५० | " |
| ६६. | दोलखा पवटीस्थित केदारेश्वर महादेव पाटी जीर्णोद्वार । | ६०० | दोलखा |
| ६७. | दोलखा पवटीस्थित ऐतिहासिक पर्खाल जीर्णोद्वार । | १०० | दोलखा |
| ६८. | नुवाकोट चतुरालेस्थित शिवमन्दिर जीर्णोद्वार । | १७५ | नुवाकोट |
| ६९. | नुवाकोट गारतघर संरक्षण । | ६०० | नुवाकोट |

| | | | |
|---|---|---|---|
| ७०. | सिद्धेश्वर महादेव मन्दिर जीतपुरको प्राङ्गणमा ढुङ्गा छाप्ने । | २१८ | काठमाडौं |
| ७१. | रामग्राम उत्खनन् कार्यको प्रतिवेदन प्रकाशित गर्ने । | २०० | नवलपरासी |
| ७२. | रामग्राम स्तूपको संरक्षण गर्ने । | १५० | नवलपरासी |
| ७३. | तिलौराकोटको किल्ला पर्खाल उत्खनन् तथा संरक्षण गर्ने । | ६०० | कपिलवस्तु |
| ७४. | पाल्पा रीडी क्षेत्रको गुरुयोजना तयार गर्ने । | ५० | पाल्पा |
| ७५. | स्याङ्जा स्यालथुम्कास्थित राममन्दिर जीर्णोद्वार । | ५० | स्याङ्जा |
| ७६. | स्याङ्जा गोरुजुरेको पाटी संरक्षण । | २०० | स्याङ्जा |
| ७७. | प्यूठान इष्नाकोटको पर्खाल मर्मत । | १०० | प्यूठान |
| ७८. | जाजरकोट खलंगाको शिवालय जीर्णोद्वार । | ३०० | जाजरकोट |
| ७९. | अस्पताल अगाडिको ढिस्कोलाई तारवारले घेरी संरक्षण | १०० | सुर्खेत |
